# विपदपुर्वतयारी तथाप्रतिकार्य योजना

## (Disaster Preparedness and Response Plan- DPRP)

२०७६

कालिगण्डकीगाँउपालिका
गुल्मी

तयार गर्ने: आरम्भ कन्सल्टिङ्ग प्रालि, रुपन्देही



निर्माण निर्देशिका:विपद् पुर्वतयारी तथाप्रतिकार्य योजनातर्जुमानिर्देशिका २०६७

# Disaster Preparedness and Response Plan Guideline (DPRP-2067)

र

विपदपुर्वतयारी तथाप्रतिकार्य योजना संसोधितनिर्देशिका, मस्यौदा २०७६

# Disaster Preparedness and Response updated Plan (DPRP-2076)

दस्तावेज :गाँउपालिका स्तरीय विपद् पुर्वतयारी तथाप्रतिकार्य योजना, कालिगण्डकी गाँउपालिका, गुल्मी

सर्वाधिकार : कालिगण्डकी गाँउपालिका, गुल्मी

प्रथमप्रकाशन :२०७६

प्राविधिक सहयोग :आरम्भ कन्सल्टिङ प्रा.लि., वुटवल

तयार गर्नेः विजय सिंह ठकुरी, स्रोत व्यक्ति

# शुभकामना

नेपाल भरखरै मात्रविकासकोकार्यमा अगाडि वढेको भूपरिवेष्टितमूलुकहो । विकास निर्माणका कार्यहरु विस्तार गर्दै जादातथागरिएकाविकासकाकार्यहरु पनि समय समयमाहुने बिपद्का घटनाले अवरुद्ध गर्ने मात्रनभएर विकासलाई पछाडि धकेल्ने गरेको पाइन्छ । विश्वकालगभग २०० देशहरुमागरिएको एक सर्वेक्षण अनुसार नेपालभूकम्पीय र समग्रबिपद्जोखिमका दृष्टिकोणले एघारौं र विसौं स्थानमातथाजलवायु परिवर्तनका दृष्टिकोणले चौथौं स्थानमा पर्दछ ।

वर्षा याममाहुने वाढी, पहिरो जस्ता प्रकोपले मानवीय र आर्थिक क्षति वेहोर्नु परेको छ भने भूकम्पीयजोखिमपनिउत्तिकै रहेको पाइन्छ र माहामारी, हुरीवतास,आगलागी,भोकमरी, चट्याङ्ग जस्ता बिपद्का घटनाले पनिगरिव र संकटासन्न समुदायलाई अझ संकट तिर धकेलिरहेको छ भने बिपद्को जोखिमदिनप्रतिदिन वढ्दै गएको पाइन्छ । यस्ता खालकाबिपद्ले देशको आर्थिक स्थीतिलाई कमजोर वनाउने र मानवीयजीवनलाई संकटतिर लगिरहेको अवश्था टड्कारो रुपमा देखिन्छ ।

बिपद्को समस्याले गर्दा नेपाल जस्ता विकासोन्मुखमुलुकहरुमाविकासको क्रमभन् पछाडि धकेलिरहेको छ । नेपालमापनिबिपदका समस्याहरु दिनानुदीन बढ्दैछ । बिपदपूर्वतयारी रजोखिमन्यूनिकरण सम्बन्धी ज्ञान र प्रतिकार्यगर्ने क्षमताको कमिकाकारण र प्रकोप परिसकेपछि मात्र उद्धारकार्यमा बढी जोड दिइनेभएको हुदाँ दिर्घकालिन रुपमा समाधान सम्भव छैन ।

यसै परिप्रेक्ष्यमापालिकामाआधारित विपदपुर्वतयारी तथाप्रतिकार्य योजनातयार गरी हाम्रो जस्तो समुदायको बिपद सामनाक्षमताअभिबृद्धि गर्ने उद्देश्यले यस “विपदपुर्वतयारी तथाप्रतिकार्य योजना”तयार गरिएको छ ।

यस गाँउपालिकास्तरिय विपदपुर्वतयारी तथाप्रतिकार्य योजनाले भबिष्यमागाँउपालिकामाहुने बिभिन्नप्रकारकाबिपदहरुको उचितब्यबस्थापनमाउल्लेख्य भुमिकानिर्बाह गर्ने छ । साथै यस योजनातयारीकालागिप्राविधिक सहयोग गर्नु हुने सवै पक्षहरु लाईविशेष धन्यवाददिन चाहान्छौं ।

**वेद व. थापा**
गाँउपालिका प्रमुख

**विषय सूची**

**खण्ड १ : परिचय**


पेज नं.

१.१ कालिगण्डकीगाँउपालिकाको परिचय १
१.२पृष्ठभूमि २
१.३विपदपूर्वतयारी तथाप्रतिकार्य योजनाको उद्देश्य २
१.४ योजनाको आवश्यकता तथा महत्व ३
१.५विपदपूर्वतयारी तथाप्रतिकार्य योजनातर्जुमाप्रक्रिया ३

**खण्ड २ : प्रकोपपहिचान, संकटासन्नता स्तरिकरण तथापरिदृश्यनिर्माण (मान्यता योजना)**

२.१प्रकोपपहिचानतथा संकटासन्नता स्तरिकरण ५
२.२ प्रकोपविश्लेषण ६
२.३ गाँउतथा वडाको संकटासन्नता स्तरिकरण १२
२.४ जोखिमपहिचानतथाविश्लेषण १२
२.५संभावितपरिदृश्यनिर्माण १८

**खण्ड ३. विपदपूर्वतयारी तथाप्रतिकार्य योजना**

**३.१ क्लष्टरको नाम, पद र सर्म्पक व्यक्तिको विवरण १९**

**३.२ क्लष्टर अनुसार पूर्वतयारी र प्रतिकार्य योजना २०**

**३.२.१. क्लष्टरको नाम : समन्वय, खोज तथा उद्धार** २०
३.२.२ समन्वय, खोज तथा उद्धार प्रतिकार्य सम्वन्धिकार्यहरु २१
३.२.३ समन्वय, खोज तथा उद्धारकालागिपूर्वतयारीकाकार्यहरु २३

**३.३.१ . क्लष्टरको नाम : आवास तथाशिविर व्यवस्थापन २५**
३.३.२ आवास र शिविर व्यवस्थापन सम्वन्धिप्रतिकार्यकाकार्यहरु २६
३.३.३ आवास तथाशिविर व्यवस्थापन सम्वन्धिपूर्वतयारीकाकार्यहरु २८

**३.४.१ क्लष्टरको नाम : खाद्यान्न** ३०
३.४.२ खाद्यान्न सम्वन्धिप्रतिकार्यकाकार्यहरु ३१
३.४.३ खाद्यान्न क्लष्टरको पूर्वतयारी कार्य ३३

**३.५.१ लष्टरको नाम : गैर खाद्य सामाग्री** ३५
३.५.२ गैर खाद्य सामाग्री सम्वन्धिप्रतिकार्यकाकार्यहरु ३६
३.५.३ गैह्र खाद्यान्न सम्वन्धिपूर्वतयारीकाकार्यहरु ३७

**३.६.१ क्लष्टरको नाम : खानेपानीतथा सरसफाई** **३९**
३.६.२ खानेपानीतथा सरसफाई सम्वन्धिप्रतिकार्यकाकार्यहरु ४०
३.६.३ खानेपानीतथा सरसफाई सम्वन्धिपूर्वतयारीकाकार्यहरु ४१

**३.७.१ . क्लष्टरको नामः स्वास्थ्य र पोषण** **४३**
३.७.२ स्वास्थ्य र पोषण सम्वन्धिप्रतिकार्यकाकार्यहरु ४४
३.७.३ स्वास्थ्य र पोषण सम्वन्धिपूर्वतयारीकाकार्यहरु ४६

**३.८.१ क्लष्टरको नाम : आपतकालिनशिक्षा** **४८**
३.८.२ आपतकालिनशिक्षा सम्वन्धिप्रतिकार्यकाकार्यहरु ४९
३.८.३ आपतकालिनशिक्षा सम्वन्धिपूर्वतयारीकाकार्यहरु ५१

**३.९.१ क्लष्टरको नामः सुरक्षा र संरक्षण** **५३**
३.९.२ सुरक्षा र संरक्षणकालागि प्रतिकार्यकाकार्यहरु ५४
३.९.३ सुरक्षा र संरक्षण सम्वन्धिपूर्वतयारीकाकार्यहरु ५६

**३.१०.१. क्लष्टरको नाम : सूचनाव्यवस्थापन** **५८**
३.१०.२ सूचनाव्यवस्थापनकालागिप्रतिकार्यकाकार्यहरु ५९
३.१०.३ सूचनाव्यवस्थापनकालागिपूर्वतयारीकाकार्यहरु ६०

## खण्ड ४.विपदपूर्वतयारी र प्रतिकार्य योजनाकार्यान्वयनतथापुनरावलोकन रणनीति

४.१.आपतकालिनपूर्व तयारी तथाप्रतिकार्य योजनाक्रियाशिलहुने ६१
४.२. आपतकालिनपूर्वतयारी तथाप्रतिकार्य योजनाको कार्यान्वयन योजना ६१
४.३. आपतकालिनपूर्वतयारी तथाप्रतिकार्य योजनाको नियमित समिक्षातथाउपलब्धि ६१

## खण्ड ५. प्रतिवेदनतथाअभिलेखन

५.१.प्रतिवेदनतथा संचार ६२
५.२. संस्थागतव्यवस्था ६२
५.३. अभिलेखिकरण ६२
४. अनुमोदनप्रक्रिया ६२

## अनुसूचीहरु

अनुसूची १ : खोजतथा उद्धारमातालिमप्राप्तजनशक्ति ६३
अनुसूची २ : प्राथमिक उपचार सम्वन्धि तालिम प्राप्त जनशक्ति ६३
अनुसूची ३ : विपदपुर्वतयारी, खोज, उद्धार तथाप्राथामिकउपचारका सामग्रिहरु ६५
अनसुची ४ :खुल्ला स्थानहरु ६६
अनुसुची ५ : स्थानियतहको विपदजोखिमन्यूनीकरण तथाव्यवस्थापन ऐन ६७

अनुसुची ६ : प्रारम्भिकद्रुत लेखाजोखानमुनाफारम ८०
अनुसुची७ : मानव कल्याणकारी सिद्धान्तहरु ८८

# कालिगण्डकी गाँउपालिका

# विपद पूर्वतयारी तथा प्रतिकार्य योजना

## खण्ड १ : परिचय

### १.१ कालिगण्डकी गांउपालिकाको परिचय

गुल्मी जिल्लाको सुदूरपूर्वि भाग हुँदै वहने विश्वकै सबैभन्दा गहिरो गल्छी बनाएर वहने तथा शालिग्राम पाइने एकमात्र पवित्र नदी कालिगण्डकीको नामबाट नामाकरण गरिएको कालिगण्डकी गाउँपालिका प्राकृतिक, साँस्कृतिक, धार्मिक तथा जैविक विविधताले भरिपुर्ण भएको गाउँपालिका हो । यस गाउँपालिका अन्तरर्गत साविकका सातवटा गा.वि.स.हरु हर्मिचौर, अर्वेनी, जयखानी, पूर्तिघाट, फोक्सिङ्ग, खड्गकोट र भुर्तुङ्ग रहेका छन् । १०१.०४ वर्ग कि.मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा पवित्र कालिगण्डकी नदी तथा पर्वतको विहादी गाउँपालिका, उत्तरमा वाग्लुङ्गको जैमुनी नगरपालिका, पश्चिममा चन्द्रकोट गाउँपालिका र सत्यवती गाउँपालिका साथै दक्षिणमा सत्यवती गाउँपालिका र कालिगण्डकी गाउँपालिका स्याङ्जा अवस्थित छन् । नेपालकै सवैभन्दा ठुलो जलविधुत आयोजना कालिगण्डकी ‘ए’ देखि लुम्विनी अञ्चलकै सबैभन्दा अग्लो टाकुरा थाप्ले तथा सत्यवती क्षेत्र यसै गाउँपालिकाका आकर्षक रहेका छन् । ऋषिमुनिहरुले अत्यधिक मन पराइएको यस क्षेत्रमा नेपालकै चर्चित धार्मिक स्थलहरु सत्यवती भगवति मन्दिर, शालिग्राम शिला, शिवालय मन्दिर, राधाकृष्ण मन्दिर, लक्ष्मीनारायण मन्दिर, गणेश मन्दिर, सिद्धाथान मन्दिर, पातलको शिवालय, हिलेसिद्ध जस्ता सयौ मन्दिर र थानहरु यस क्षेत्रमा रहेका छन् । यो क्षेत्रमा विशेषत दक्षप्रजापतिले महायज्ञ गर्दा सतीदेविले हामफालेको यज्ञकुण्ड जयखानीमा अवस्थित वेलटारी क्षेत्र देखि सतिदेविको अङ्ग पतन भएको सिद्धाथान क्षेत्र पनि यसै गाउँपालिका भित्र पर्दछन् । शिवालय मन्दिर वेलटारी, राधाकृष्ण मन्दिर पूर्तिघाट तथा लक्ष्मीनारायण मन्दिर फुलवारी २०० वर्ष भन्दा पुरानो इतिहास बोकेर बसेका ऐतिहासिक धरोहर हुन् । जो यहाँका प्रमुख साँस्कृतिक तथा धार्मिक सम्पदाहरु हुन् । धार्मिक स्थलहरुमात्र नभएर प्राकृतिक कारणले पनि यो क्षेत्र अत्यन्तै मनोहर रहेको छ । यस क्षेत्रमा रहेको सत्यवती लेक, हिले लेक, कालिलेक थाप्ले उचाईमा रहेका र सजिलै हिमाली क्षेत्रको अवलोकन गर्न सकिने क्षेत्रहरु छन् । कालिगण्डकी तटदेखि लुम्बिनी अञ्चलकै अग्लो टाकुरो थाप्लेको बीचमा अवस्थित पहाडी इलाका भएको कारणले यो जैविक विविधतामा धनी गाउँपालिका हो । अधिकांश जंगल क्षेत्रले ढाकिएको हुदाँ प्राकृतिक जडिबुटीको हिसाबले अत्यन्तै धनी यस क्षेत्रमा जडिबुटी संकलन केन्द्रको स्थापना गरी नेपालकै नमूना क्षेत्र निर्माण गर्न सकिने अवसर छ । यो क्षेत्रको अधिकांश भाग चीन र भारत जोड्ने कालिगण्डकी करीडोरको किनारमा अवस्थित छ । धार्मिक पर्यटकीय हिसाबले अत्यधिक सम्भावन बोकेको यस क्षेत्रमा जैविक खेतिको लागी उर्वर भूमिको साथै प्रचुर मात्रामा जलसम्भावना पनि रहेको छ । यस क्षेत्रको विकास गर्न सकेको खण्डमा नेपालमा आउने पर्यटकलाई यस क्षेत्रमा भित्राउन सकिनुका साथै पर्यटकलाई थप मनोरञ्जन दिनको लागि धार्मिक पर्यटकीय मार्ग, पारागलाइडिङ्ग, केवलकार, राफ्टीङ्ग गराउन सकिने सम्भावना छ ।

## १.२पृष्ठभूमि

विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन राष्ट्रिय रणनीतिक योजना २०१८ -२०३० ले नेपाल विपद जोखिमका दृष्टिकोणले विश्वमा उच्च जोखिम मुलुक मध्ये पर्दछ भन्ने उल्लेख गरेको पाइन्छ । पछिल्लो ४५ वर्षमा सन् १९७१ देखि २०१५ सम्म झण्डै ४० हजार भन्दा बढीले ज्यान गुमाएका छन् भने यो संख्या प्रतिदिन २ जनाको दरले मृत्यु हुने गरेको तथ्यांक हो । नेपालको भौगोलिक बनावट, भूधरातल र भूगर्भिय संरचनाले गर्दा प्रकोपको घटना घटिरहने मुलुकको रुपमा परिचित छ । यसका साथै विकासका कार्यहरु गर्दा विपद संवेदनशिल विकास निर्माण नगरिएको र यस सम्वन्धि सचेतनाको कमीले पनि विपद्को जोखिम बढेको छ । विश्वका १९८ मुलुकमध्ये नेपाल भूकम्पिय जोखिमका दृष्टिले ११ औं पानीजन्य प्रकोपको दृष्टीले ३० औं र जलवायूजन्य प्रकोपको दृष्टीले चौथौं स्थानमा रहेको छ । यस अवस्थाले गर्दा नेपालका सवै नगरपालिका तथा गाउंपालिकाहरुले विपद भएको अवस्थामा सेवा दिनकोलागि विपद पूर्वतयारी र प्रतिकार्य योजना वनाउनु पर्ने देखिन्छ ।

यसै सर्न्दभमा कालिगण्डकी गाँउपालिका पनि प्रकोप प्रभावित गाँउपालिकाको रुपमा रहेको छ । प्रत्येक वर्ष पहिरो, बाढी, कटान, पटान, सुख्खा खडेरी, आगलागी, शितलहर, महामारीर अन्य प्रकोपबाट हुने क्षतिबाट यो गाँउपालिका पनि विपद्को जोखिममा रहेको पुष्टी हुन्छ । विपद् जोखिम व्यवस्थापनका विभिन्न चरणमा गरिने कार्यहरूमध्ये विपद् पूर्व तयारी र प्रतिकार्य योजना एक महत्वपुर्ण चरण हो । यस योजनाले विपद् हुनु भन्दा पहिले र विपद्को तत्कालीन प्रभाव समाप्त नभएसम्म क्षति कम गर्नलाई कार्य गर्ने भएकोले यो एक महत्वपूर्ण दस्तावेजको रुपमा रहन्छ ।

यस योजनाले विपद पूर्वपूर्वतयारीका कार्यहरु, विपद् परिरहेको समयमा र विपद्बाट उत्पन्न असहज अवस्थामा आधारभूत मानवीय सेवा उपलब्ध गराउने कार्यलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्न एक प्रकारको खाका तयार गर्दछ । विपद् र त्यसबाट उत्पन्न असहज अवस्थामा खोज तथा उद्धारका कार्य गरी मानव जीवनको रक्षा गर्नु, विपद प्रभावितहरुलाई राहत सहयोग उपलव्ध गराउनु, प्रभावितहरुको आवासको व्यवस्था मिलाउनु, महिला, गर्भवती, सुत्केरी, विरामी, वालवालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिकहरुको सुरक्षाको व्यवस्था मिलाउनु, सर्वसाधारणको धन सम्पतीको सुरक्षाको व्यवस्था मिलाउनु यस योजनाको प्रमुख लक्ष्य हो । विपद्का विगतका अनुभवका आधारमा मानवीय सहयोगलाई व्यवस्थित बनाउन आपत्कालीन अवस्थामा प्रभावकारी प्रतिकार्य गर्न योजना बनाउनु महत्वपूर्ण देखिएकोले यस पालिकाले यो योजना तर्जुमा गरेको छ । यस योजनामा विभिन्न ९ वटा क्लष्टरहरु पहिचान गरिएको छ र सोही अनुसार प्रतिकार्य कसरी गर्ने र प्रतिकार्य गर्नकोलागि पूर्वतयारी गर्ने योजनाहरु तयार गरिएको छ । यो योजना कालिगण्डकी गाँउपालिकाको एक महत्वपुर्ण दस्तावेजको रुपमा रहनेछ भने यस योजना गृह मन्त्रालयको विपद पुर्वतयारी तथा प्रतिकार्य योजना निमाण निर्देशिका २०६७ र संशोधित २०७६ मा आधारित रहेर वनेको छ ।

## १.३विपदपूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

प्रकोपको घटनाले निम्त्याउन सक्ने आपतकालिन अवस्थामा हुने जनधनको क्षति न्यूनिकरण गर्न र आपतकालिन समयमा जनधनमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको मूल उद्देश्य हो । यस योजनाका अन्य उद्देश्यहरु निम्नअनुसार छन् :

- भविष्यमा हुन सक्ने संभावित विपद्लाई ध्यानमा राखी धनजनको क्षति कम गर्न समुदायमा पूर्व तयारी कार्यहरु गर्नु,
- विपद्मा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल खोज तथा उद्धार गरी मानवीय सहयोग उपलब्ध गराउनु,
- विपद्बाट प्रभावित समुदायलाई सुरक्षित स्थानमा सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोग जस्तै गांस, वास, कपास, शिक्षा, खानेपानी र स्वास्थ्य सेवा उपलब्ध गराउनु,
- उपलब्ध न्यूनतम साधन-स्रोतको अधिकतम उपयोग गर्दै आवश्यक पर्ने थप साधन-स्रोतको खोजी गरी नेपाल सरकार र पालिका स्तरिय विपद व्यवस्थापन समितिबाट भएका निर्णयको कार्यान्वयन गर्न सरोकारवाला निकाय तथा सङ्घसंस्थासँग समन्वय गरी विपद् प्रभावित समुदायलाई सहयोग उपलब्ध गराउनु ।
- संकटासन्न समुहका गर्भवती र सुत्केरी महिला, वालवालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक र एचआईभी संक्रमित व्यक्तिहरुलाई विशेष प्राथमिकता दिएर सहयोगका कार्यहरु गर्नु र उनीहरुको संरक्षण गर्नु

## १.४ योजनाको आवश्यकता तथा महत्व

नेपालको भूधरातल, प्रकोपसंग जुध्न सक्ने कमजोर क्षमता आदिले नेपालले आपतकालिन अवस्थाकोलागि पूर्वतयारी गर्नु आवश्यक देखिन्छ । विपद् व्यवस्थापनभित्र गरिने विभिन्न चरणका कार्यहरु मध्ये पूर्वतयारी विपद्आउनुभन्दा अगाडी र प्रतिकार्य योजना विपद् परेलगत्तै स्थिति सामान्य नभएसम्म कार्यान्वयन हुन्छ । विपद्को यो समय ज्यादै संवेदनशील भएकोले यस समयमा गरिने मानवीय सहयोग महत्वपूर्ण रहने हुनाले योजनाको ठूलो महत्व रहन्छ । विना योजना र तयारीको अवस्थामा विपदको अवस्था आयो भने धेरै ठुलो धनजनको क्षति हुन जान्छ र मानिसहरुले धेरै दुःख पाउंछन । तर व्यवस्थित तरिकाले योजना निर्माण गरी सोही अनुसारको पूर्वतयारी गर्न सकेमा विपदको अवस्थामा पनि हुन सक्ने जोखिम र क्षतिलाई कम गर्न सकिन्छ । विपद्ले फेरि पुन अर्को विपद आउन दिनु हुदैन । त्यसैले यो योजनाको विशेष महत्व रहेको छ । साथै यस योजनामा विभिन्न क्लष्टरहरुले आ आफनो विशेषज्ञता र दक्षता अनुसार सेवा प्रदान गर्दछन् जसले गर्दा प्रभावित भएका समुदायका सवै वर्गहरुले र सवै क्षेत्रहरुको सहयोग प्राप्त गर्न सक्ने अवस्था रहन्छ ।

## १.५ विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रक्रिया

गाँउपालिका संग छलफल : विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गर्ने क्रममा गाँउपालिका संग पटक पटक छलफल भै योजना बनाउने सहमति भएको थियो । यस पश्चात संचालन गरिएका प्रक्रियाहरु निम्न अनुसार रहेका छन् :

दस्तावेजहरुको अध्ययन : गाँउपालिकामा रहेका विभिन्न विपद संग सम्वन्धित दस्तावेजहरु जस्तै स्थानिय विपद् तथा जलावायू उत्थानशील योजना, नगरपालिकाको वडा तहको सूचनाहरु, तालिम प्राप्त जनशक्तिहरु, खोज तथा उद्धारका सामग्रीहरुआदि अध्ययन  गरिएको थियो ।

प्रारम्भिक गोष्ठी : विपद पूर्व तयारी तथा प्रतिकार्य योजना बनाउने क्रममा गाँउपालिका स्तरका मुख्य सरोकारवालाहरु जस्तै सुरक्षा निकाय, पत्रकार, उद्योग वाणिज्य संघ, होटेल व्यवसायी संघ, जनप्रतिनीधीहरु, वडा अध्यक्षहरु, गैर सरकारी संस्थाका प्रतीनीधीहरु, दलित जनजाती, महिला, अपांग आदिको सक्रिय सहभागितामा यस योजना वनाउने वारेमा २ दिनको गोष्ठी २०७७ पौष १३ र १४ गते गरिएको थियो । साथै गोष्ठीमा योजनाले विशेष गरेर प्रभावकारी प्रतिकार्य गर्न विभिन्न संघ संस्थाहरुले साथै गाँउपालिकाले गर्नुपर्ने पूर्वतयारीको वारेमा छलफल गरिएको थियो । साथै संभावित विपदको परिदृश्य

र गाँउपालिकाले गर्नुपर्ने न्यूनतम तयारी, विभिन्न ९ वटा क्लष्टरहरुको पहिचान र सो क्लष्टर जिम्मेवारी वहन गर्ने पदाधिकारी छनौट आदि गरिएको थियो साथै पालिका स्तरमा अगुवाई गर्ने संस्थाको रुपमा नेपाल रेडक्रस सोसाईटी उपशाखा लाई छनौट गरियो । यस गोष्ठीले विशेष गरेर गाँउपालिकाकोजनसंख्यालाई आधार मानेर त्यसको २ प्रतिशत कम्तिमा ३७७जनालाई सहयोग पुरयाउने उद्देश्यले न्यूनतम परिदृश्य निर्माण गरिएको थियो । यस भन्दा बढी प्रभावित भएको खण्डमा बाह्य सहयोगको आवश्यकता पर्ने छलफल गरिएको थियो । यस गोष्ठीले क्ष्लटरको योजना पुन अर्को गोष्ठी गरी तयार गर्ने निर्णय गरेको थियो ।

क्लष्टर विच गोष्ठी, छलफल र योजना तर्जुमा :पहिलो गोष्ठीले तय गरेको छलफलको आधारमा ९ वटा क्लष्टरको पुन एक दिनको योजना तर्जुमा गोष्ठी २०७७ ......................गते संचालन गरिएको थियो । यस गोष्ठीमा क्लष्टरमा रहेको अगुवा तथा सहयोगी संस्थाहरुको सहभागिता रहेको थियो । सहभागीमूलक रुपमा क्लष्टरको संभावित विपद्को परिदृश्य, क्लष्टरको उद्देश्य, प्रतिकार्य गर्ने क्रियाकलापहरु र त्यसकालागि आवश्यक पर्ने पूर्वतयारीका कार्यहरु तय गरिएको थियो ।

**मस्यौदा लेखन** : सवै क्लष्टरले योजना तयार गरिसकेपछि सो योजनालाई एकिकृत गरी परामर्शदाताले मस्यौदा विपद पूर्वतयारी र प्रतिकार्य योजना तयार गरेको थियो ।

**मस्यौदा योजना छलफल गोष्ठी** : मस्यौदा योजना माथि छलफल गाँउपालिकाका प्रमुख सरोकारवालाहरु संग एक दिन छलफल मिति २०७७ माघ १६ गते गरियो । उक्त गोष्ठीबाट आएको सुझवहरुलाई समेटेर अन्तिम योजना तयार गरियो ।

गाँउसभाबाट योजनाको अनुमोदन :

## खण्ड २ : प्रकोप पहिचान, संकटासन्नता स्तरिकरण तथा परिदृश्य निर्माण (मान्यता योजना)

### २.१ प्रकोपको पहिचान तथा स्तरिकरण

गाउँपालिकामा रहेका ७ वटा वडा स्तरमा गरिएको स्तरिकरणलाई समायोजन गर्दै स्थानीय विपद् व्यवस्थापन समिती र विपद तथा वातावरण उपसमितीको छलफल तथा विश्लेषणको आधारमा समष्टिगत रुपमा गाउँपालिका भरि सबै भन्दा ठुलो विपद भुकम्पको रुपमा लिई वडा नं. १, २, ३, ५ र ६ मा जनावर आतंकलाई दोस्रो ठुलो प्रकोपको रुपमा पहिचान भएको छ। यसै गरि वडा नं. ३, ४ र ७ मा पहिरो दोस्रो ठुलो स्तरिकरणमा परेको छ। क्रमशः पालिकाभरी नै वाढी, कटान, पटान, आगलागी, खडेरी, हुरी बतास, महामारी, असिना, सडक दुर्घटना र सर्पदंश रहेका छन। यद्यपि कुनै बिपद् कुनै वडाको लागि प्रमुख मानिएको छ भने कुनै बिपद् अर्को वडाको लागि प्रमुख रुपमा लिईएको छ। यसबाट के प्रस्ट हुन्छ भने कालिगण्डकी गाउँपालिका बहुप्रकोपको जोखिममा रहेको छ तसर्थ यसको प्रभावकारी व्यवस्थापन र न्युनिकरण तथा अनुकुलन गर्न समुदायलाई मात्र नभई गाउँपालिका लाई ठुलो चुनौतिको रुपमा देखापरेको छ।

### स्थानिय विपद व्यवस्थापन समिति वाट प्रकोप पहिचान तथा स्तरिकरण

| वडा नं. | वडा स्तरिय विपद् व्यवस्थापन समिति द्धारा वडा स्तरिय प्रकोप पहिचान तथा स्तरिकरण जोडा विधि मार्फत | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| १ | जनावर आतंक | किट आतंक | महामारी | आगलागी | खडेरी | हावाहुरी | असिनापानी | चट्याङ | पहिरो | वाढी कटान |
| २ | जनावर आतंक | वाढी कटान | पहिरो | सुख्खा खडेरी | आगलगी | किट आतंक | चट्याङ | हावाहुरी | असिना पानी | महामारी |
| ३ | जनावर आतंक | पहिरो | वाढी कटान | असिना पानी | आगलगी | चट्याङ | हावाहुरी | सुख्खा खडेरी | किट आतंक | महामारी |
| ४ | पहिरो | वाढी कटान | हावाहुरी | असिना पानी | आगलगी | सुख्खा खडेरी | जनावर आतंक | महामारी | किट आतंक | चट्याङ |
| ५ | जनावर आतं | असिना पानी | आगलगी | पहिरो | वाढी कटान | हावाहुरी | चट्याङ | किट आतंक | महामारी | सुख्खा खडेरी |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क | | | | | | | | | |
| ६ | जनावर आतंक | वाढी कटान | पहिरो | हावाहुरी | महामारी | चट्याङ | आगलागी | किट आतंक | सुख्खा खडेरी | असिनापानी |
| ७ | पहिरो | आगलागी | जनावर आतंक | वाढी कटान | किट आतंक | हावाहुरी | सुख्खा खडेरी | चट्याङ | असिनापानी | महामारी |

## २.२ प्रकोप बिश्लेषण

गाउँपालिकाको सामाजिक स्रोत नक्साङ्कन र सङ्कटासन्नता तथा क्षमता पहिचान, समस्या वृक्ष विश्लेषण, धरातलीय हिँडाइ, संस्थागत विश्लेषण, लक्षित समूह छलफल, प्रत्यक्ष अवलोकन समेतको प्रयोगबाट आएका सुचनाहरुको विश्लेषणका नतिजालाई संक्षिप्त रूपमा तलको ढाँचामा उल्लेख गरिएको छ ।

| क्र. सं. | वडा न. | समस्या अथवा प्रकोप | कारण | कारक तत्व | प्रभाव | सम्भावित समाधानका उपाय |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिका भरी १, २, ३, ५ र ६ नं. वडामा पहिलो स्तरिकरणमा आएको | **जनावर आंतक** | • जंगली जनावरको उचित व्यवस्थापन नहुनु,<br>• जंगली जनावरको संख्या दिनप्रतिदिन वढदै जानु<br>• जंगल नजिक वस्तीहरु तथा वाली हुनु | • जनचेतनाको कमि<br>• जंगली जनावरको उचित प्रविधि प्रयोग नहुनु | पशुचौपायाको क्षती हुनु, अन्न वालीहरु सखाप पार्ने, फलफुल, तरकारीमा क्षती गर्दा मानिसहरुको आर्थिक अवस्था कमजोर वनाउदै गएको । | खेतिबालीको लागि प्राबिधिक सल्लाह अनुसार नियन्त्रणको कार्य गर्ने । वुख्याचाहरुको प्रयोग वढाउने, सामुहिक रुपमा पालैपालो वाली हेरालुको व्यवस्थापन गर्ने, जंगली जनावर नियन्त्रण गर्न प्राविधिकको सहयोग लिने । |
| २ | ४ र ७ मा पहिलो | **पहिरो** | • कमजोर भु धरातल, | • जनचेतनाको कमि | घर तथा वस्ती वगाउनु, वाटोहरु | • पहिरो नजिकको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्तरिकरणमा परेको | | ● अत्याधिक वर्षा,<br>● अव्यवस्थीत चरन, | ● उचित भल निकास नभएको,<br>● वन फणानी<br>● जथाभावी वाटो खनाई तथा प्रकृतिक सम्पतीको दोहन, | वगाउनु, पशु चौपाया तथा मानीसहरु हताहत हुनु, भौतीक संरचनाहरुमा क्षती पुग्नु, खोला तथा नदिहरु थुनिदा तलतिरको खेतियोग्य जमिन तथा वस्तीहरुमा प्रत्यक्ष असर | वस्ती तथा घरहरुलाई सुरक्षीत स्थानमा सार्ने, चरन क्षेत्रलाई व्यवस्थीत गर्ने, वाटो वनाउदा वैज्ञानिक विधि अपनाउने, वृक्षारोपण गर्ने, जनचेतना, पुर्वतयारी सामाग्री, आपतकालीन योजना, पानी निकासको व्यवस्था, राहत कोष निर्माण गर्नु,<br>सुरक्षित आश्रय स्थलहरु निर्माण गर्नु, |
| ३ | गाँउपालिकाको २, ४ र ६ नं. वडामा दोस्रो ठुलो स्तरिकरण परेको | **बाढी, कटान** | ▪ अत्यधिक बर्षा हुनु<br>▪ जलवायु परिवर्तन<br>▪ जमिनको क्षयिकरण | ▪ अव्यवस्थित ढल निकास<br>▪ जनचेतनाको कमी<br>▪ वन विनास<br>▪ खोला तथा नदिको सम्मुखमा वस्ति हुनु<br>▪ जथाभावी सडक निर्माण गर्दा जमिनको क्षयिकरण | **असर**<br>● घर भत्किनु<br>● अन्न वाली वगाउनु<br>● जमिन कटानी हुनु<br>● पशु चौपया मर्नु<br>**प्रभाव**<br>● समुदाय विस्थापित<br>● गरिबी बढ्नु<br>● महामारी | ● सुरक्षित स्थान पहिचान<br>● वृक्षारोपण<br>● जनचेतना<br>● पुर्वतयारी सामाग्री<br>● आपतकालीन योजना<br>● पानी निकासको व्यवस्था<br>● राहत कोष निर्माण गर्नु |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | फैलनु<br>● मानवीय क्षति<br>● भौतिक संरचना भत्कनु<br>● मानसिक तनाव<br>● उत्पादनमा कमी | ● सुरक्षित आश्रय स्थलहरु निर्माण गर्नु,<br>● पुर्व चेतावनी प्रणालीको विकास गर्नु । |
| ४ | स्तरिकरणमा परेको | **सुख्खा खडेरी** | ● लामो समयसम्म बर्षा नहुनु ।<br>● पानीको श्रोतहरु सुक्नु<br>● सिंचाईको सुबिधा नहुनु | ● अनियमीत बर्षा<br>● जलवायु परिवर्तन हुनु<br>● बढ्दो मरुभुमिकरण<br>● विश्व उष्णता<br>● पानीको श्रोतको सहि सदुयोग नगर्नु<br>● बन बिनास | ● बालीनाली सुक्नु तथा उत्पादनमा ह्रास हुने जसका कारण आम्दानीमा कमी तथा खाद्यान्नको अभाव ।<br>● खानेपानीको अभाव<br>● जलवायु अनुकुलन खेति प्राणालीको बारेमा जानकारी नहुनु ।<br>● महामारीको अवस्था सिर्जना हुने । | ● सिंचाईको व्यवस्था गर्ने ।<br>● जलवायु अनुकुलित खेति प्रणाली अबलम्बन गर्ने ।<br>● बृक्षारोपण तथा भएका बनजंगलको संरक्षण गर्ने ।<br>● आधुनिक प्रविधि प्रयोग गरी पानीको संचिति गर्ने |
| ५ | स्तरिकरणमा परेको | **आगलागी** | ● लापरवाही गरेर जथाभावी आगो बाल्नु<br>● ज्वलनशील बस्तु बालबालिकाले भेट्ने ठाउँमा राख्नु | ● गुचमुच्च परेका अव्यवस्थित घरहरु<br>● हावाहुरी चल्नु<br>● लापरवाही वानी व्यवहार<br>● खरले छाएको घर<br>● जनचेतनाको कमी<br>● सुख्खा | **<u>असर</u>**<br>● वन जंगल विनाश हुनु<br>● घर जल्नु<br>● भौतिक संरचना नाश हुनु<br>**प्रभाव**<br>● आर्थिक अवस्था खस्कनु<br>● धन,जन,पशु क्षति<br>● दैनिक क्रियाकलापमा अवरोध हुनु | ● जनचेतनामुलक कार्यक्रम गर्ने<br>● अग्नि रेखाको व्यवस्थापन<br>● सचेतिकरण<br>● पर्याप्त मात्रामा पानीको व्यवस्था<br>● कच्ची घर भए भान्सा माथिको छानो |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | मौसम हुनु<br>हावाहुरी चल्नु | ● बसाँई सँराई<br>● खर्च वढ्ने<br>विरामी पर्नु | लिपपोत गर्ने |
| ६ | सबै वडाहरुमा स्तरिकरण मा आएको | **हुरीबतास** | ● जंगल बिनाश हुनु<br>● सुख्खा मौसम<br>● भौगोलिक भुबनाबट | ● जंगल बिनाश हुनु<br>● जलबायु परिवर्तन हुनु<br>● अग्ला र कमजोर संरचनासहितको घरहरु निर्माण गर्नु । | ● घर भत्किनु<br>● चोटपटक लाग्नु<br>● मानिस घाईते हुनु<br>● अर्थिक भारमा वृद्धि<br>● धन, जन, पशु क्षति<br>● भौतिक संरचनामा क्षति<br>● गरिवी बृद्धि | ● घरको छानो राम्रोसँग निर्माण गर्नु<br>● होचा घरहरु निर्माण गर्नु<br>● जनचेतना<br>● आपतकालीन योजना<br>● बृक्षरोपण गर्नु |
| ७ | सबै वाडहरुमा स्तरिकरणमा आएको । | **महामारी** | ● बाढी तथा डुबान हुँदा,<br>● चेतनामा कमी<br>● खुल्ला दिशा पिसाब गर्नाले शुद्ध खाने पानीको<br>● अभाव अति खडेरी र खानपानको कारण पनि हुन्छ,<br>● लामखुट्टे तथा भुसुनाको टोकाई | ● जहापायो त्यहीको पानी खानाले, चेतनाको अभाव, फोहोर मैला व्यवस्थि नगर्नाले तथा सफा ब्यबहार नअपनाउनाले, दिशा गरेपछी हात धुने बानी नहुनु,<br>● चर्पीको सही सदुपयोग नहुनु,<br>● खानेकुरा खानु अगाडी हात धुने तथा फलफुल नधोई खानेबानी हुनु, | **असर**<br>● रोग व्यधि लाग्नु<br>● झाडापाखाला लाग्नु<br>● मानिस विरामी हुनु<br>● विभिन्न सरुवा रोग फैलिनु<br>**प्रभाव**<br>● अकालमा ज्यान जानु<br>● पारिवारी तनाव बढ्नुक<br>● टाउको दुख्ने आँखा दुख्ने समस्या<br>● शारीरीक तथा मानसीक रुपमा कमजोर हुनु,<br>● गरीवी बढ्छ,<br>● खर्चमा बृद्धी हुनु, | ● जनचेतना फैलाउने<br>● चर्पी अनिबार्य बनाउने अभियान<br>पानी उमालेर खाने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ● चेतनामा कमी<br>● अव्यबस्थीत पशुपालन,<br>● कमजोर आर्थिक अवस्था<br>सरसफाई भन्दा कामलाई बढी ध्यान दिनु | | |
| ८ | सबै वार्डहरुमा स्तरिकरणमा आएको | **असिना** | जलबायु परिवर्तन | जलबायु परिवर्तन | बालीनाली तथा अन्य भौतिक क्षति चोटपटक लाग्ने | बालीनाली तथा सम्पतिको बिमा गर्ने । सहन गर्न सक्ने विउ लगाउने |
| ९ | गाउँपालिका भरी ( प्राथमिकरणमा नपरेको तर नेपालक भौगोलिक अवस्था तथा बैज्ञानिक तथ्यको आधारमा उल्लेख प्रमुख गरिएको | **भुकम्प** | ● धरातलिय प्लेटहरु कमजोर हुनु<br>● ज्वालामुखि विस्फोट भएर<br>● भुगर्भ भित्र हलचल हुनु<br>● पृथ्वी भित्र रहेको अत्यधिक ताप र चापका कारण | ● भवन निर्माण आचारसंहिता कार्यान्वयन नहुनु<br>● भूकम्प प्रतिरोधक भवनहरु निर्माण हुन नसक्नु<br>● घर बनाउदा गुणस्तरहिन समाग्रीको प्रयोग<br>● जलवायू परिवर्तन<br>● भौगोलीक बनावट<br>● पृथ्विको अत्याधिक तापकम<br>● गरिबीका कारण राम्रो घरहरु | **असर**<br>● भौतिक संरचनाहरु ध्वास्त हुनु<br>● जनधनको क्षति हुनु<br>**प्रभाव**<br>● मानसिक तनाब र मानसिक सन्तुलन गुमाउने<br>● करेन्ट सर्ट भएर वा मट्टितेल,ग्यास,पेट्रोल चुहिएर आगलागी हुन सक्छ<br>● फाहोरको कारण महामारी फैलन सक्छ<br>● बसाँई सँराई<br>● गरिवी बढ्नु | ● सुरक्षित स्थान पहिचान<br>● भवन निर्माण आचारसंहिता लाई प्रभावकारी कार्यान्वयन गर्ने<br>● जनचेतनामूलक कार्यक्रम गर्ने पुर्वतयारी सामाग्री<br>● आपतकालीन योजना<br>● पूर्व अभ्यास गर्ने<br>● व्यवस्थित खानेपानी<br>● भुकम्पबाट हुने क्षति कम गर्न गह्रौ सामान हरु दाराजमाथि दलमा झुन्ड्याएर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बनाउन नसक्नु<br>● समुदायस्तरमा प्राविधिक ज्ञान सीप नहुनु<br>● भिरालो जमिन,धाप र कमजोर जमिन | | नराख्ने |

माथीको तालिकालाई अध्ययन गर्दा वर्षेनी निरन्तर रुपमा जनावर आतंक वडा नं. १, २, ३, ५, र ६ मा सबैभन्दा उच्च समस्याको रुपमा आएको देखिन्छ तथापि जनावर आतंकको कारण असर परिरहेको तथा क्षति भएको पाईन्छ । जनचेतना तथा प्रविधिको वुझाईमा कमि, व्यवस्थापनमा ध्यान नदिदा सवै क्षेत्रमा असर गरेको तथा सबै वार्डहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित भएको देखिन्छ ।

यो गाउँपालिकाको दोश्रो बिपद्को रुपमा पहिरो आएको छ जसका कारण घर तथा संरचनाहरु वगाउने र पुर्ने, मानीस तथा पशु चौपायाहरु वेपत्ता हुनु, खेती योग्य जमिन भासिनु तथा पुर्नु आदि कारण क्षतीहुन गई लाखौं रुपैया बराबरको क्षति हुने गरेको पाईयो ।

यसैगरि वाढी, खहरे तथा कटान तेश्रो स्थानमा स्तरिकरण गरिएको छ जसका कारण विभिन्न समयमा उर्वर जमिन कटान, भेलहरु घर तथा वालीमा प्रवेश गरि क्षती गर्नु, घरहरु वगाई समुदाय विस्थापित हुनु परेको छ भने कतिपय अवस्थामा वाढीको समयमा बिभिन्न महामारी हुने कारण मानिसहरु बिरामी हुने गरेका छन् । त्यसैगरि हुरीबतास, महामारी, आगलागि, किरा तथा लामखुट्टेको आक्रमण, सडक दुर्घटना, असिना र भुकम्प गरि बिभिन्न किसिमका बिपद्को सामाना स्थानीय स्तरमा भोगिरहेको तथ्य आएको छ । तेस्तै समुदायसंगको छलफल तथा मौषमी पात्रोको आधारमा बर्षाको समयमा परिवर्तन भई पछि सर्दै गएको तथा बाढी तथा महामारी जन्य प्रकोपपनि पछाडी जाने गरेको पाईन्छ भने जाडोको समयपनि घटेको पाईन्छ तर जाडोको मात्रा तथा हुस्सु लाग्ने समयाबधि बढीरहेको छ ।

गाउँपालिका तथा वडाहरुका बिभिन्न किसिमका समुह, संघसंस्था तथा कार्यालयहरुले कार्यक्रम गरिहेको भएपनि निर्णायक तहमा महिला, फरक किसिमले सक्षम तथा बिपन्न तथा दलित बर्गको सहभागीता कम पाईयो यद्यपी सहभागीताका हिसाबबाट प्रतिनिधी राखिएका भएपनि उनिहरुको भुमीका खासै नखोजिने कुरा छलफलको क्रममा पाईयो ।

गउँपालिका भित्र सड्क सञ्जाल बिस्तारको स्थिति राम्रो देखिएपनि प्राय ग्रामीण सडकहरु भिरालो, ग्राभेल नगरिएको, साँगुरो तथा आवश्यक मात्रामा कर्ल्भटर पुल नबनाईएकोले बर्षाको समयमा भेलले कटान गर्ने, कतै बाटोनै बगाएर लैजाने तथा हिलाम्ने हुने गरेकोले आवत जावतमा समेत कठीनाई भैरहेको छ । जसका कारण विपद प्रभावित भैहालेमा समेत तत्काल गर्नुपर्ने राहत उद्धारका कार्य पनि प्रभावित हुनेछ र हुने गरेको पनि थियो ।

उत्पादनशिल जमिन भए पनि सिंचाईको असुबिधा, रोग किराको आक्रमण, खडेरी, तुषारो तथा असिनाको कारणले बर्षेनि लाखौ बराबरको नोक्सानि ब्यहोर्नु परिरहेको छ । त्यसका अलाबा उर्वर जमिनको क्षति पनि हुने गरेको छ । कतिपय समुदायका जग्गाहरु बलौटे भएकोले चाहेजस्तो बालि तथा उत्पादनहरु लिन नसकेको अवस्था रहेको छ । समुदाय स्तरमा बहु प्रकोपको व्यवस्थापन तथा विपद् तथा जलवायु परिवर्तन सम्वन्धि जनचेतनामा कमी देखिन्छ । त्यसैले स्थानीय समुदायमा बहु प्रकोप व्यवस्थाजन तथा जलबवायु

अनुकुलन सम्बन्धि जनचेतना वृद्धि गरि समुदायको विपद् संग सामना तथा जलवायु अनुकुलन गर्न सक्ने खेति प्रणाली सम्बन्धि क्षमताको विकास गर्न सके यो गाउँपालिकामा बिपद तथा जलवायु परिवर्तको असर कम हुनेतथा आर्थिक क्षति कम गर्न सकिने कुरास्पष्ट हुन्छ ।

## २.३ गाउँ तथा वडाको संकटासन्नता स्तरिकरण

वडाहरुको संकटासन्न स्तरीकरण विगतमा भएको क्षति तथा भविष्यमा हुन सक्ने क्षतिलाई आधार मानेर तयार गरिएको छ । बिगतका भएका बिपद्का घटना तथा त्यसबाट भएको क्षतिको बिवरण समुह छलफलबाट आएको स्तरिकरण नतिजा तथा अन्य सुचनाहरु वडा कार्यालय तथा निर्वाचित प्रतिनिधिहरुको सुझाबको आधारमा गरिएको थियो । वडाको संकटासन्न स्तरीकरण गर्दाक्रमशः जंगली जनावर आतंक, पहिरो, बाढी, खडेरी, आगलागी, हुरी बतास, महामारी, असिना, र भुकम्प रहेका छन । यसै आधारमा विभिन्न प्रकोपका दृष्टिकोणले वडा र त्यस अर्न्तगत रहेका घर परिवार संकटासन्नता छन् भनेर स्तरीकरण निम्न वमोजिम गरिएकोछ ।

| वडा नं. | उच्च संकटासन्न घरधुरी | मध्यम संकटासन्न घरधुरी | न्युन संकटासन्न घरधुरी | जम्मा | पुष्ट्याईका आधारहरु |
|---|---|---|---|---|---|
| १ | १३७ | २६३ | १२७ | ५२७ | कमजोर संरचना, आर्थिक अवस्था कमजोर भएको, प्रत्येक बर्ष बिपद्को असर परिरहने । जिबिकोर्पाजनमा लागि कठीन, अपर्याप्त सिंचाई, फुसको छानाको घरहरु, वाढि कटान नजिक वस्तीहरु, पहिरोको नजिक वस्ती तथा सडकहरु |
| २ | १३२ | २८५ | १६६ | ५८३ | |
| ३ | ७६ | १०० | ९४ | २७० | |
| ४ | १०२ | १९५ | १४० | ४३७ | |
| ५ | १३७ | २९३ | १५० | ५८० | |
| ६ | २३० | ३९९ | २०८ | ८३७ | |
| ७ | २१९ | ३८८ | २५७ | ८६४ | |
| जम्मा | १०३३ | १९२३ | ११४२ | ४०९८ | |

## २.४ जोखिम पहिचान तथा विश्लेषण :

यस गाउँपालिकाको सङ्कटासन्नता र क्षमताबीच देखिएको दूरीलाई बिश्लेषण गर्दा सडक तथा यातायातको अवस्था मध्यम खालको देखिन्छ, बर्षको अरु समय खासै यातायातको समस्या नपरे पनि बर्षाको समयमा ग्रामीण भित्रि सडकहरु भत्कने, भासिने तथा हिलाम्मे हुने गरेकोले यातायातमा समस्या आउने गरेको साथै बिपदको समयमा उँचो क्षेत्रमा जानलाई कठिन हुने गरेको पाईन्छ । समुदाय छलफलका क्रममा आएका अन्य जोखिम तथा त्यसको बिश्लेषण तल तालिकामा उल्लेख गरिएको छ ।

| प्रकोप | भोगिरहेका समस्याहरु | संकटासन्नता | क्षमता | संकटासन्नता र क्षमता बिचको दुरी |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| **जनावर आतंक** | • वालीनाली सखाप,<br>• वालवालीका तथा पशुचौपायाहरुमा असर<br>• खाद्यान्नमा कमी भई आर्थिक अवस्था कमजोर | • वन्यजन्तु आतंकवाट वच्न प्राविधिक ज्ञानको कमी<br>• विपद व्यवस्थापन सम्बन्धि ज्ञान तथा समाग्रीहरुलाई व्यवहारिक रुपमा प्रयोगमा नल्याउनु र बेवास्ता गर्नु र समय मै सचेत नहुनु<br>• समुदायमा आपसी तथा सामुहिक सहयोगको कमि,<br>• जंगलको वरीपरी खेतीपाती तथा वस्ती रहेको | • स्थानीयश्रम तथा जनशक्ति<br>• विभिन्न संघसस्थाहरु कार्यरत जसले बिभिन्न समयमा बिबिध सहयोग गर्न सक्ने ।<br>• विपद् व्यबस्थापन सम्बन्धि समिति तथा कोषको ब्यवस्था<br>• कही कही वुख्याचाहरुको प्रयोग गरिएको | • जनचेतनाको अभाव<br>• समुदायमा आयआर्जनका कार्यक्रम नहुनु<br>• जंगलको वरीपरी खेती तथा वस्ती<br>• आतंक हटाउने प्राविधिक ज्ञानको कमी<br>• विपद सम्बन्धि गठित कार्यदल तथा समितिहरु सक्रिय नभएको<br>• काम गर्ने जनशक्तिहरुको अभाव अर्थात् पुरुषहरु काम गर्न भारत जाने गरेको र महिला, बालबालिका तथा वृद्धावृद्धहरु मात्र घरमा रहने |
| **पहिरो** | • वाटोहरु वन्द भई आवत जावतमा समस्या<br>• ढलनिकासको समस्या,<br>• समुदाय विस्थापित हुनु,<br>• वर्षेनी जमिन कटान तथा भासिने,<br>• वाली नालीमा खहरे पसि क्षती पुऱ्याउने | • पहिरोको छेउमा वस्ती तथा घरहरु<br>• अवैज्ञानिक वाटो निर्माण,<br>• अधिकांस भुभाग पहाड तथा थुम्कीहरु भएको<br>• कमजोर भुधरातल,<br>• पहिरो सम्वन्धि जनचेतनाको अभाव | • स्थानीयश्रम तथा जनशक्ति<br>• विभिन्न संघसस्थाहरु कार्यरत जसले बिभिन्न समयमा बिबिध सहयोग गर्न सक्ने ।<br>• विपद् व्यबस्थापन सम्बन्धि समिति तथा कोषको ब्यवस्था<br>• गाँउपालिकाले विपदलाई मध्येनजर गर्दै भौतिक संरचना वनाउनुपर्छ भन्ने वुझाईको शुरुवात | • जनचेतनाको अभाव<br>• नियम निर्माण तथा कारबाहीको अभाव<br>• समुदायमा आयआर्जनका कार्यक्रम नहुनु<br>• तठबन्धन निमार्णका लागि विभिन्न संघ संस्थाहरुसँगको पहुँच र समन्वयको अभाव<br>• विपद सम्बन्धि गठित कार्यदल तथा समितिहरु सक्रिय नभएको |

| | | | | |
|---|---|---|---|---|
| | | | | • काम गर्ने जनशक्तिहरुको अभाव अर्थात् पुरुषहरु काम गर्न भारत जाने गरेको र महिला, बालबालिका तथा वृद्धावृद्धहरु मात्र घरमा रहने |
| **बाढी** | • ढल निकासको अभाव<br>• समुदाय विस्थापित हुनु<br>• वर्षेनि जमिन डुबानी तथा पटानी हुनु<br>• घरमा पानी पसेर घरमा भएका अन्न भिज्नु तथा भाँडाकुडी बगाउनु<br>• वर्षात्मा आवत जावत् गर्न समस्या तथा बाढी आउँदा आवतजावत गर्ने समस्या भई विद्यार्थीहरु पनि विद्यालय जान नपाउनु | • कटानी जस्ता समस्यालाई रोक्न समुदाय विभिन्न संघ संस्थाको भर पर्ने आफै प्रयासमा नजुट्नु अर्को तर्फ समुदायको कमजोर आर्थिक अवस्था<br>• विपद व्यवस्थापन सम्बन्धि ज्ञान तथा समाग्रीहरुलाई व्यवहारिक रुपमा प्रयोगमा नल्याउनु र बेवास्ता गर्नु र समय मै सचेत नहुनु<br>• नदिमा पुलको नहुनु,<br>• सुरक्षित भवनको अभाव | • स्थानीयश्रम तथा जनशक्ति<br>• विभिन्न संघसस्थाहरु कार्यरत जसले बिभिन्न समयमा बिबिध सहयोग गर्न सक्ने ।<br>• विपद् व्यबस्थापन सम्बन्धि समिति तथा कोषको ब्यवस्था<br>• प्राकृतिक पानीको श्रोत तथा लिफ्टीङ्ग तथा नहर कुलो ।<br>• पौडिबाजहरु तथा केही उद्धार सामाग्री समेत रहेको<br>• सुरक्षित वाटो<br>• वाढी पानी निकासको लागि पुल,कल्भेट र ह्यूमपाईप<br>• बचत समुह तथा स्थानीय सहकारी तथा बैंकहरु रहेको | • जनचेतनाको अभाव<br>• नियम निर्माण तथा कारबाहीको अभाव<br>• समुदायमा आयआर्जनका कार्यक्रम नहुनु<br>• माटो अनुसारको खेती गर्न जोड नदिइनु<br>• तठबन्धन निमार्णका लागि विभिन्न संघ संस्थाहरुसँगको पहुँच र समन्वयको अभाव<br>• विपद सम्बन्धि गठित कार्यदल तथा समितिहरु सक्रिय नभएको<br>• पुल बनाउन आर्थिक स्रोतको अभाव<br>• काम गर्ने जनशक्तिहरुको अभाव अर्थात् पुरुषहरु काम गर्न भारत जाने गरेको र महिला, बालबालिका तथा |

| | | | | |
|---|---|---|---|---|
| | | | | वृद्धावृद्धहरु मात्र घरमा रहने |
| **खडेरी** | • बालीनाली सुक्नु तथा उत्पादनमा ह्रास हुने जसका कारण आम्दानीमा कमी तथा खाद्यान्नको अभाव ।<br>• खानेपानीको अभाव<br>• जलवायु अनुकुलन खेति प्राणालीको बारेमा जानकारी नहुन ।<br>• महामारीको अवस्था सिर्जना हुने । | • सिंचाईको लागि लगानी गर्न आर्थिक अवस्था कमजोर<br>• आधुनिक खेति प्रणालीका बारे जानकारी तथा सिप नहुनु । | • भुमिगत जलश्रोत भएको ।<br>• केही मात्रामा भएपनि कृषकले आफ्नै श्रोतबाट बोरिङ्ग तथा अन्य सिंचाईको ब्यवस्था गरेको । | • भुमिगत जलश्रोतलाई प्रयोगमा ल्याउने शुरुवात भएपनि ब्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।<br>• ब्यक्तिगत स्तरमा भन्दा सामुहि स्तरमा मिलेर सिंचाईका कार्यहरु संचालन गनुपर्ने ।<br>• जलबायु अनुकुलन खेति प्रणालीका बारेमा कम ज्ञान तथा सिप भएको ।<br>• सरकारी स्तरबाट क्षति पश्चात कहिलेकाँही राहत बापत केही बालीका बिउ दिने गरेको भएपनि दिर्घकालीन समस्या समाधानको लागि पहल नभएको । |

| | | | | |
|---|---|---|---|---|
| **आगलागी** | ● घर भित्र रहेका अन्न तथा लत्ता कपडा जलेर नष्ट<br>● खाधान्नको अभाव, आर्थिक अवस्था कमजोर हुदै जानु<br>● दैनिक कियाकलापमा अवरोधहुनु,चौपायाहरु को क्षति हुनु | ● भान्छा गोठ तथा घर खरले छाएको<br>● आर्थिक अवस्था कमजोर हुदै गएको<br>● जनचेतनाको कमी | ● घर तथा भान्साको छाना लिपपोत गरेको<br>● आगलागि सम्बन्धि सन्देशमुलक रेडियो कार्यक्रम | ● गरिबी, अज्ञानता र अशिक्षा<br>● दमकलको व्यवस्था नहुनु<br>● डाग्रीको व्यवस्था नहुनु |
| **किट तथा लामखुट्टे आंतक** | लामखुट्टे तथा अन्य किराको टोकाईबाट अन्य जटिल र सरुवा रोग फैलिने ।<br>उपचारमा लागि आर्थिक क्षति<br>मानसिक तनाब<br>किराको खेतिबाली समेत नोक्सानी | ● बस्ती बरिपरी पाने जम्ने खाल्डोहरु तथा घोल<br>● सरसफाईको कमी<br>● खेतिपातीको उत्पादनमा प्राबिभिक रुपमा कमी<br>● बाली चक्र तथा खेति प्रणाली बैज्ञानिक ढंगबाट नअपनाउने ।<br>● पुरानो तथा गुणस्तर राम्रो नभएका बिउ प्रयोग गर्ने । | ● सकेसम्म धुवाँ लगाएर बस्ने गरेको<br>● स्थानीय स्तरमा उलपब्ध प्रबिधि तथा ज्ञानको उच्चतम प्रयोग गर्ने गरेको । | ढल निकासको राम्रो प्रबन्ध नभएको ।<br>पानि जम्ने खाडलहरु जतातते हुनु ।<br>सरसफाईमा जनचेतनाको कमी ।<br>झुलको नलगाई सुत्ने बानी ।<br>खेतिबालीको लागि प्राबिधिक सल्लाह कम पुगेको तथा सल्लाह लिने परिपाटी पनि निकै कम भएको । |
| **हुरीबतास** | ● घर तथा अन्य भौतिक संरचनामा क्षति<br>● मानिस घाईते हुनु<br>● अर्थिक भारमा वृद्धि<br>● धन, जन, पशु क्षति | ● घर नजिकै सुकेको रुख वा कमजोर हुनु<br>● घर वनाउदा छाना राम्रो सँग नछाउनु<br>● विधुतका पोलहरु घर नजिक हुनु | ● केहि घरहरु पक्कि भएको घरका छानाहरु वलियो तरिकाले वानेको | ● घरवरीपरी कमजोर तथा ठुला रुखहरु भएको<br>● घरको छाना कर्कटपाता र घासले छाएको<br>● विद्युतका लाईन हरु व्यवस्थि तरीकाले जडान नभएको |
| **महामारी** | ● स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्नु शारीरिक कमजोरी हुदैजानु | ●मानवीय मृत्यु हुने<br>●अपांगता हुने, टाउको दुख्ने | ● उपस्वास्थ्य चौकी<br>● प्रत्येक | ●जनचेतनाको कमी,<br>●पानी शुद्ध गर्ने प्रक्रियाको बारेमा |

| | | | | |
|---|---|---|---|---|
| | ● दैनिक जीवनयापन गर्न गाह्रो हुनु<br>● लामखुट्टेले टोक्दा इन्सेफ्लाइटिस तथा मलेरिया जस्ता रोगहरु लाग्ने | आँखा पाक्नु तथा छाला सम्बन्धि रोगहरु देखा पर्नु<br>●आर्थिक अवस्था कमजोर<br>●समय मै स्वास्थ्य संस्थामा नजानु | समुदायमा महिला स्वास्थ्य स्वयंम् सेविका<br>● जनचेतना कार्यक्रम प्रत्येक वडामा<br>● घरवरिपरि सरसफाई | जानकारी नहुनु<br>●सबै घरधुरीमा चर्पी नहुनु तथा चर्पी भएको घरधुरीमा पनि सबैले चर्पी प्रयोग नगर्नु को प्रयोग नहुनु अर्थात खुला दिसा पिसाब गर्ने गरेको |
| **असिना** | बालीनाली तथा अन्य भौतिक क्षति चोटपटक लाग्ने | ● खेतिबाली तथा अन्य भौतिक संरचना र सम्पत्ति | ● | ● बाली तथा सम्पत्ति बिमाका बारेमा कम चासो तथा जानकारी |
| **भुकम्प** | भौतिक संरचनाहरु ध्वास्त हुनु<br>जनधनको क्षति हुनु<br>मानसिक तनाब | कमजोर भौतिक संरचना<br>भौगोलिक अवस्थिति | ● खुल्ला स्थानहरु प्रशस्त हुनु ।<br>● ठुला ठुला भौतिक संरचनाहरु नहुनु | ● सुरक्षित स्थान पहिचान नगरिएको ।<br>● भवन निर्माण आचार संहिता लाई प्रभावकारी कार्यान्वयन गर्ने नगरेको<br>● भुकम्प सम्बन्धि जनचेतनाको कमी |

## २.५संभावित परिदृश्य

कालिगण्डकी गाँउपालिकामा नेपाल सरकारको सर्वेक्षण २०६८ अनुसार जम्मा घरधुरी संख्या ४०९८रहेको छ भने जम्मा जनसंख्या १८८७६रहेको छ ।

| वडा नं. | घरधुरी | जम्मा जनसंख्या |
|---|---|---|
| १ | ५२७ | २४२६ |
| २ | ५८३ | २७८३ |
| ३ | २७० | १२९४ |
| ४ | ४३७ | २०४४ |
| ५ | ५८० | २६४८ |
| ६ | ८३७ | ३८३४ |
| ७ | ८६४ | ३८४७ |
| जम्मा | ४०९८ | १८८७६ |

स्रोतः जनगणना २०६८

प्रभावित हुन सक्ने घरधुरी संख्याः ८२
प्रभावित हन सक्ने जनसंख्या : ३८०
प्रभावित हन सक्ने वालवालिका ५ वर्ष मुनिकाः १५
प्रभावित हन सक्ने वालवालिका ६ देखि १२ वर्ष सम्मकाः १५
प्रभावित हन सक्ने गर्भवती महिलाः १०
प्रभावित हन सक्ने सुत्केरी महिलाः १०
प्रभावित हन सक्ने अपांगता भएका व्यक्तिहरुः १०
प्रभावित हन सक्ने जेष्ठ नागरिकः ३०

नोट : प्रभावित हन सक्ने संख्या जम्मा घरधुरी र जनसंख्याको २ प्रतिशतका दरले लिइएको छ भने अन्य जनसंख्या गोष्ठीमा भएको छलफल र सहमतीको आधारमा लिइएको छ । गाँउपालिकाले यति सम्मकोलागि पूर्वतयारी तथा प्रतिकार्यको योजना गर्दछ भने यस भन्दा बढी क्षति भएमा वाहय सहयोगको आवश्यकता पर्दछ ।

संभावित परिदृश्यलाई पहिरो, जनावर आतंक, वाढी कटान, सुख्खा खडेरी, भूकम्प र आगालागीबाट विपद्को अवस्था आई ८२ घरधुरी प्रभावित भै कम्तिमा ३७४ जनसंख्या प्रभावित हुन सक्ने र ती प्रभावित समुदायहरु शिविरमा वसेको अवस्था हुने अनुमान गरिएको छ । शिविरमा जम्मा जनसंख्या मध्ये ३७४ हुने जसमा घरधुरी संख्या ८२, वालवालिका ३० जना, गर्भवती र सुत्केरी महिला गरी २० जना, अपांगता भएका व्यक्तिहरु १० जना र जेष्ठ नागरिक ३० जना कम्तिमा प्रभावित भै शिविरमा वसेका हुनेछन् भन्ने अनुमान गरिएको छ । यी प्रभावित व्यक्तिहरुलाई खाना, वस्न, औषधी, पानी, सरसफाई आदिको समस्या हुने र वाहय सहयोग आवश्यक पर्ने अनुमान गरिएको छ । यहि अनुमानको आधारमा गाँउपालिकाले प्रतिकार्य र पूर्वतयारीका योजनाहरु निर्माण गरी कार्य गर्नेछ भन्ने तय गरिएको छ ।

## खण्ड ३. विपद पूर्वतयारी तथा प्रतिकार्य योजना

### ३.१ क्लष्टरको नाम, पद र सर्म्पक व्यक्तिको विवरण

| क.स | क्लष्टरको नाम | नेतृत्व गर्ने व्यक्ति | संस्था | पद | सर्म्पक नम्वर |
|---|---|---|---|---|---|
| १ | समन्वय (खोज तथा उद्धार) | श्री वेद व. थापा | कालिगण्डकी गाँउपालिका | गाँउपालिका प्रमुख, संयोजक | ९८५७०६१७०१ |
| २ | खाद्यान्न | श्री देव व. सुनार | कालिगण्डकी गाँउपालिका | संयोजक | ९८४८३४५९२७ |
| ३ | खानेपानी तथा सरसफाई | श्री थम्मन सिं आले | कालिगण्डकी गाँउपालिका | फोक्सिङ वार्ड अध्यक्ष, संयोजक | ९८५७०७३८०५ |
| ४ | स्वास्थ्य र पोषण | श्री चन्द्र व. थापा | कालिगण्डकी गाँउपालिका | स्वास्थ्य शाखा प्रमुख, संयोजक | ९८५७०८४४१२ |
| ५ | गैर खाद्य सामाग्री | श्री झम वहादुर आले | कालिगण्डकी गाँउपालिका | नेपाल रेडक्रस सोसाईटी उपशाखा | ९८४४७९१३३९ |
| ६ | आवास र शिविर व्यवस्थापन | श्री वावुराम पल्ली | कालिगण्डकी गाँउपालिका | प्रमुख प्रशासकिय अधिकृत, संयोजक | ९८५७०६७९२५ |
| ७ | सुरक्षा तथा संरक्षण | श्री तारा थापा | कालिगण्डकी गाँउपालिका | गाँउपालिका उपप्रमुख, संयोजक | ९८६९६७०८९४ |
| ८ | आपतकालिन शिक्षा | श्री मिना परियार | कालिगण्डकी गाँउपालिका | सामाजिक विकास शाखा प्रमुख, संयोजक | ९८६३२९२०९७ |
| ९ | सूचना व्यवस्थापन | श्री ओम व. थापा | कालिगण्डकी गाँउपालिका | सुचना प्रविधि शाखा, संयोजक का.गा.पा | ९८४९९३२०१५ |

### ३.२ क्लष्टर अनुसार पूर्वतयारी र प्रतिकार्य योजना

### ३.२.१. क्लष्टरको नाम : समन्वय, खोज तथा उद्धार

**मुख्य विपद्को किसिम** : भुकम्प, पहिरो, बाढी, महामारी, सुख्खा खडेरी, आगलागी, दुर्घटना आदिबाट धनजनको क्षति

**अनुमानित अवस्था वा संभावित परिदृश्य** : विपदले गर्दा ३०४ जनसंख्या घाइते भएको, कोही हराएका, कोही पुरिएका र कोही वगाएको अवस्था रहेका महिला, वालवालिका, अपांगता भएका व्यक्तिहरु र जेष्ठ नागरिक, एचआइभि एड्स संक्रमितहरुलाई उद्धार तथा राहत सहयोगको तत्काल आवश्यकता रहेको ।

**विषयगत उद्देश्य :**

- विपद् प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्य प्रभावकारी बनाई घाइतेहरुको थप मृत्यु हुन नदिने र जीवन रक्षा गर्ने
- प्रभावकारी रुपमा खोज तथा उद्धार कार्य गरी विपद्बाट हुने धनजनको क्षतिलाई न्यूनिकरण गर्ने
- घाइतेको प्राथमिक उपचार गरी आवश्यकतानुसार अस्पताल पुऱ्याउने व्यवस्था मिलाउने,
- वालवालिका, गर्भवती तथा सुत्केरी महिला, अपांगता भएका व्यक्ति, एचआइभि एड्स संक्रमित, वृद्धवृद्धाहरुको प्राथमिकताका साथ खोज तथा उद्धार कार्य गर्ने

| क.स | सर्म्पक व्यक्तिको नाम | संस्था | पद | सर्म्पक नम्वर | इमेल |
|---|---|---|---|---|---|
| १ | श्री वेद प्र. थापा | कालिगण्डकी गाँउपालिका | संयोजक | ९८५७०६१७०१ | |
| २ | श्री तारा थापा | कालिगण्डकी गाँउपालिका | उपप्रमुख, सह संयोजक | ९८६९६७०८९४ | |
| ३ | श्री वावुराम पल्ली | कालिगण्डकी गाँउपालिका | प्र.प्र.अ. सदस्य, | ९८५५०६७९२५ | |
| ४ | श्री झम व. आले | कालिगण्डकी गाँउपालिका | रेडक्रस उपशाखा, सदस्य | ९८४४७९१३३९ | |
| ५ | श्री हरिकिसन पुन | कालिगण्डकी गाँउपालिका | प्रहरी चौकी, सदस्य | ९८४७८५९६५७ | |
| ६ | श्री तिलाचन पाण्डे | कालिगण्डकी गाँउपालिका | पत्रकार, सदस्य | ९८५७०६०७८२ | |
| ७ | श्री वार्ड अध्यक्षहरु सवै | कालिगण्डकी गाँउपालिका | सदस्य | | |

### ३.२.२ समन्वय, खोज तथा उद्धार प्रतिकार्य सम्वन्धि कार्यहरु

| विपदको घटना पश्चातको अवधी | विपदको अवस्थामा गरिने आपतकालिन कार्य ( विपदको प्रकृतीमा आधारित) | मुख्य जिम्मेवार निकाय र व्यक्ति | सहयोगी निकाय वा व्यक्ति |
|---|---|---|---|
| पहिलो दिन | • पालिका स्तरिय विपद व्यवस्थापन समितिको आकस्मिक वैठक वोलाउने<br>• समुदायमा रहेका तालिम प्राप्त खोज तथा उद्धार कार्यकर्ता परिचानल गर्ने<br>• अवरुद्ध भएका सडकहरु खुलाउने कार्य गर्ने<br>• सेना, प्रहरी, शशस्त्र प्रहरी तथा तालिम प्राप्त समुदायका खोज तथा उद्धारकर्ता व्यक्तिहरुले जोखिममा रहेका व्यक्तिहरुको खोज तथा उद्धार गर्ने<br>• घाइतेको उद्धार गर्ने, प्राथामिक उपचारमा सहयोग गर्ने, घाइतेको अवस्था हेरी घाइतेलाई अस्पताल पुर्‍याउने व्यवस्था गर्ने<br>• बढी जोखिम क्षेत्रलाई, महिला, वालवालिका, जेष्ठ नागरिक, अपांगता भएको व्यक्तिहरु, एचआईभि संक्रमितलाई प्राथमिकता दिई खोज तथा उद्धार कार्य गर्ने<br>• मृतक भएका मानिसहरुको व्यवस्थापन गर्ने<br>• जोखिममा रहेका पशुपंछीहरुको उद्धार गर्ने र मृतक चौपायाहरुको व्यवस्थापन गर्ने | गाँउपालिका विपद व्यवस्थापन समिति र विपद सर्म्पक व्यक्ति | रेडक्रस, जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, नेपाल स्काउट रअन्य संघ संस्था, |
| दोस्रो दिन | • कति मानिसको मृत्यु भयो,कति घाइते भए, कति हराइरहेका छन्, कति पुरिएका, वगाएका छन् प्रारम्भिक तथ्यांक संकलन गर्ने<br>• तथ्यांकको आधारमा थप खोज तथा उद्धार कार्य गर्ने<br>• सेना, प्रहरी, शशस्त्र प्रहरी तथा तालिम प्राप्त समुदायका खोज तथा उद्धारकर्ता व्यक्तिहरुले खोज तथा उध्दार कार्य तिव्रताका साथ जारी राख्ने<br>• घाइते, मृतक तथा भौतिक क्षतिको विवरण वारे सम्वन्धित व्यक्तिलाई सुचित गर्ने<br>• विपद्को समयमा हुन सक्ने चोरी, डकैतीकोलागि सुरक्षा दिने | ,, | ,, |
| पहिलो हप्ता | • सेना, प्रहरी, शशस्त्र प्रहरी तथा तालिम प्राप्त समुदायका खोज तथा उद्धारकर्ता व्यक्तिहरुले खोज तथा उद्धार कार्य तिव्रताका साथ जारी राख्ने<br>• कति मानिसको मृत्यु भयो,कति घाइते भए, कति हराइरहेका छन्, कति पुरिएका, वगाएका छन् विस्तृत तथ्यांक संकलन गर्ने<br>• आवश्यकता अनुसार आपतकालिन आश्रय स्थलहरु | ,, | ,, |

| | | | |
|---|---|---|---|
| | निर्माण गर्न सहयोग गर्ने र सो स्थलहरुमा सुरक्षा दिने<br>● राहत सामाग्री वितरणमा सहजता ल्याउन वा हुल हुज्जत हुन नदिन व्यवस्था मिलाउने<br>● वालवालिका, महिला तथा अपांगहरुको गलत प्रयोग हुन नदिन विशेष निगरानी राख्ने | | |
| पहिलो महिना | ● पहिलो हप्ता गरिएका कार्यहरु निरन्तर गर्ने र अनुगमन गर्ने | ,, | ,, |
| दोस्रो महिना | ● पहिलो महिना गरिएका कार्यहरु निरन्तर गर्ने, अनुगमन गर्ने र आवश्यक सहयोग गर्ने | ,, | ,, |
| तेस्रो महिना | ● दोश्रो महिना गरिएका कार्यहरु निरन्तर गर्ने, अनुगमन गर्ने र आवश्यक सहयोग गर्ने | ,, | ,, |

### ३.२.३ समन्वय, खोज तथा उद्धारका लागि पूर्वतयारीका कार्यहरु

| क.स | पूर्वतयारीका क्रियाकलापहरु | अनुमानित जम्मा चाहिने | हाल भएको | थप आवश्यक पर्ने | कहिले गर्ने | कसरी गर्ने | जिम्मेवार व्यक्ति | लागत |
|---|---|---|---|---|---|---|---|---|
| १ | खोज तथा उद्धार गर्न सक्ने दक्ष जनशक्ति तयार गर्ने | ७वटा वडामा २ जनाको दरले | | १४ जना | आषाढ २०७८ | तालिम दिने | पलिकाप्रमुख र विपद सर्म्पक व्यक्ति | १ लाख ५० हजार |
| २ | आधारभूत खोज तथा उद्धारका सामाग्रीहरु संकलन गरी भण्डारण गर्ने जस्तै सावेल, डोरी, टोपी, स्टेचर, साइरन, गल, घन, डुंगा, टयुव, लाईफ ज्याकेट, पन्जा आदि, | ७ वडामा | केही भएको तर नपुग | ७ वटा वडामा | आषाढ २०७८ | गाँउपालिकाले बजेट छुटयाउने | ,, | ३ लाख ५० हजार |
| ३ | आगलागी नियन्त्रण गर्न सक्ने दक्ष जनशक्ति तयार गर्ने | ७ वटा वडामा १ जनाको दरले | | ७ | मंसिर २०७८ | तालिम दिने | ,, | १ लाख ५० हजार |
| ४ | आगलागी सम्वन्धि लाइफ ज्याकेट, पंजा, टोपी सेट, फायर प्रुफ बुट, व्ल्यांकेट, फायर इस्टिनगुइसर, फायर बल राख्ने | ७ वटै वडामा | | ७ वटै वडामा | मंसिर २०७८ | पालिकाले बजेट छुटयाउने | ,, | १ लाख ५० हजार |
| ५ | विपद् व्यवस्थापन सम्वन्धि दक्ष जनशक्ति तयार गर्ने | ७ जना | | ७ जना | आषाढ २०७८ | रेडक्रस संग समन्वय गर्ने | ,, | १लाख |
| ६ | पालिकामा दमकल तयारी अवस्थामा राख्ने अन्य पालिकाहरु संग मिलेर | १ | | १ | मंसिर २०७७ | अन्य पालिकाहरु संग समन्वय गर्ने | ,, | ५ लाख |
| ७ | प्रत्येक सार्वजनिक | १ पटक | - | | चैत्र २०७७ | छलफल गर्ने | ,, | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
विपद पूर्व तयारी तथा प्रतिकार्य योजना विशेष गरेर क्लष्टरको योजनामा उल्लेख भएको समय अनुसार कार्यान्वयन गरिनेछ । यो योजना स्थानिय विपद् व्यवस्थापन समितिले गाँउ सभामा पेश गरी पारित भएर बजेट आएपछि कार्यान्वयनमा लगिनेछ साथै गाँउपालिकाले वैठक गरी यसको कार्यान्वयन गर्ने र पछि नगरसभाबाट अनुमोदन गर्ने गरी कार्यान्वयनमा लान सक्नेछ र साथै आ आफनो संस्थाले आफनो श्रोतबाट सक्ने जति पूर्वतयारीका कार्यहरु गर्ने छन् ।

### ४.३. विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको नियमित समिक्षा तथा उपलब्धि

गाँउपालिकाको मासिक वैठकमा विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको समिक्षा तथा उपलब्धिको वारेमा छलफल गरिनेछ । प्रत्येक वर्ष यस योजनाको पुनरावलोकन,समिक्षा गरी आवश्यक थपघट सहित परिमार्जन गरी अधावधिक गरिनेछ भने प्रत्येक ५ वर्षमा यसको वृहत परिमार्जन गरी अधावधिक गरिनेछ ।

## खण्ड ५. प्रतिवेदन तथा अभिलेखन

### ५.१. प्रतिवेदन तथा संचार

गाँउपालिकामा भएका विपदका घटनाहरुको प्रतिवेदन तथा अभिलेखन कार्य स्थानीय आपतकालिन कार्य संचालन केन्द्रले गर्ने छ । यस कार्यको लागि गाँउपालिकाको कार्यालयमा रहेको सूचना व्यवस्थापन शाखालाई जिम्मा दिइएको छ । विपदका घटनाहरुको प्रतिवेदन विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा निर्देशिका २०६७तथा परिमार्जित निर्देशिका २०७६ले तय गरे अनुसारको ढांचामा सम्वन्धित सरोकारावालाहरु संग लिइनेछ र जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र र आवश्यकता अनुसार प्रादेशिक तथा राष्ट्रिय आपतकालिन कार्य संचालन केन्द्रमा पठाइनेछ ।

### ५.२. संस्थागत व्यवस्था

विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको लागि गापामा विपद व्यवस्थापन समिति गठन गरिएको छ । उक्त समितिले गापा र वडा स्तरमा भएका विपद सम्वन्धि तथ्य तथ्यांकहरु स्थानीय आपतकालिन कार्य संचालन केन्द्रलाई उपलव्ध गराउनेछ ।

### ५.३. अभिलेखिकरण

विपद पूर्वतयारी तथा प्रतिकार्य सम्वन्धि घटनाहरु, संकलन गरिएका तथ्यांकहरु, वितरण गरिएका राहतका रेकर्डहरु गाँउपालिका स्तरमा स्थानियविपद व्यवस्थापनसमिति तथास्थानिय आपतकालिन कार्य संचालन केन्द्रले अभिलेख सुरक्षित रुपमा राख्नेछ ।

### ५.४. अनुमोदन प्रक्रिया :

विपदपूर्वतयारी तथा प्रतिकार्य योजनालाई गाँउपालिकाको गाँउ सभाले अनुमोदन गर्नेछ र कार्यान्वयन हुनेछ । गाँउसभा वस्नुभन्दा अगाडि पालिकास्तरिय विपद व्यवस्थापन समितिको वैठकले पास गरी कार्यान्वयनमा लैजान सक्नेछ र पछि गाँउसभावाट अनुमोदन गर्न सक्नेछ

## अनुसूचीहरु

### अनुसूची १ : खोज तथा उद्धारमा तालिम प्राप्त जनशक्ति

| क्र. सं. | नाम | कार्यरत स्थान | |
|---|---|---|---|
| १ | प्रसनि हरिकिसन पुन | प्रहरी चौकी, पुर्तीघाट | ९८६७८५९६५७ |
| २ | प्रह दिपक शाही | प्रहरी चौकी, पुर्तीघाट | ९८६८३९८१७६ |
| ३ | प्रज प्रेम सिंह थापा | प्रहरी चौकी, पुर्तीघाट | ९८४७११९४५६ |
| ४ | प्रज प्रेम व. थापा | प्रहरी चौकी, पुर्तीघाट | ९८४७२४३७७० |
| ५ | प्रज विष्णु प्र. विक | प्रहरी चौकी, पुर्तीघाट | ९८१११२५३८६ |

### अनुसूची २ : प्राथमिक उपचार सम्वन्धि तालिम प्राप्त जनशक्ति

| क्र.सं. | नाम | सम्पर्क नं. | ठेगाना | फोटो |
|---|---|---|---|---|
| १ | दल व. थापा | ९८४१६२५४३३ | फोक्सिङ | |
| २ | धन कु. थापा | ९८६७२४५०८७ | जयखानी | |
| ३ | श्याम व. दर्लामी | ९८४६१७०५९६ | हर्मिचौर | |

| | | | | |
|---|---|---|---|---|
| ४ | मैयादेवी न्यौपाने | ९८४९०३१५५० | अर्वेनी | |
| ५ | गौमाया थापा | ९८०५२१५७७९ | खडगकोट | |
| ६ | नविना थापा | ९८४००९७७६८ | पुर्तिघाट | |
| ७ | गिरि प्रसाद राना | ९८५७०६४८३० | भुर्तुङ | |

अनुसुची ३ : विपद पुर्वतयारी, खोज, उद्धार तथा प्राथामिक उपचारका सामग्रीहरु

प्रहरी चौकी, पुर्तीघाट

| क.सं. | समानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | गैटी | २ थान | |
| २ | ट्युव | २ थान | |
| ३ | वेल्चा | २ थान | |
| ४ | डोरी | १ थान | |
| ५ | स्ट्रेचर | १ थान | |

कालिगण्डकी गाँउपालिकाका सम्पुर्ण वडाहरुमा पालिका मार्फत गैटी, वेल्चा, कोदालो, हेल्मेट, डोरी, टायर आदि हस्तान्तरण गरिएको छ ।

नेपाल रेडक्रस सोसाईटी, उपशाखा

| क.सं. | समानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| | आपतकालिन अवस्थामा काम लाग्ने, प्राथामिक उपचारको सामग्रहरु, खोज तथा उद्धारको सामग्रीहरु, राहत सामग्रीहरु भण्डारण भएको | १२ घर परिवारलाई उपलव्ध गराउन सकिने । | |
| १ | डोरी | २० मिटर | |
| २ | त्रिपाल | १८ थान | |
| ३ | वाल्टीन | ५ थान | |
| ४ | सादा कपडा | २५ मिटर | |
| ५ | स्ट्रेचर | ५ थान | |
| ६ | कम्वल | १५ थान | |
| ७ | पव्लिन कपडा | २० मिटर | |

युनीसेफ भैरहवा,

| क.सं. | समानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | कम्वल | २५०० थान | |
| २ | त्रीपाल, टेन्ट, व्लाङकेट, हाईजिन किट, ओआरएफ, रिक्रियसनल सामग्रीहरु, भाडाकुडाहरु भण्डारण गरि राखिएको | १ वायर हाउस रहेको | आवश्यक परेमा प्रदेश नं. ५ विशेष तथा अन्य जुनसुकै ठाँउमा प्रयोगमा ल्याउन सकिने |

युएनएफपिए वुटवल,

| क.सं. | समानको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | डिग्नीटी किट, त्रीपाल, सोलार वत्ती, स्लिपिङ व्याग, सिरानी, वाल्टीन, सारी, व्लाउज, पेटीकोट, सिठ्ठी, प्राथामिक उपचार सामग्रीहरु, कराई, भाडाकुडा, फर्निचर, मग, स्टील वाटाहरु, तरकारी | १ वायर हाउस रहेको | आवश्यक परेमा प्रदेश नं. ५ विशेष तथा अन्य जुनसुकै ठाँउमा प्रयोगमा ल्याउन सकिने |

| | | | |
|---|---|---|---|
| | **काट्ने भाडा, म्याट लगाएतको सामग्रीहरु रहेको** | | |

**अनसूची ४ : खुला स्थानहरु**

वडा नं १ :रेप्का

वडा नं २ :मन्धारा

वडा नं ३ : कनौटा

वडा नं ४ :डाँडा, जोखुम

वडा नं ५ : उपल्लो गाँउ

वडा नं ६ :भुँईटोडके डाँडा

वडा नं ७ :छापचौर

**अनुसुची ५: स्थानिय तहको नमुना ऐन**

............................... गाउँपालिकामा बिपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन गर्न बनेको ऐन, २०७७

प्रमाणिकरण मितिः २०७७ / /

प्रस्तावना .......................... गाउँपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक बिपद्‌बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि बिपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापनका सबै क्रियाकलाप समन्वयात्मक र प्रभावकारी रुपमा कार्यान्वयनका लागि कानून बनाउन वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२१ को उपधारा (१) को अधिकार प्रयोग गरी शुद्धोधन गाउँ सभाले यो ऐन बनाएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम " गाउँ विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ख) "कोष" भन्नाले दफा १२ बमोजिमको विपद् ब्यवस्थापन कोष सम्झनु पर्दछ ।

(ग) "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर, आतङक खाना, हवाई सडक, जल वा औद्योगिक दुर्घटना, आगलागि, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, बतावरण प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्रकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ ।

(घ) "जिल्ला विपद् ब्यवस्थापन समिति " भन्नाले संघीय ऐन दफा १६ बमोजिम ....... (गा.पा. रहेको जिल्लाको नाम ) जिल्लामा गठन भएको जिल्ला विपद् जिल्ला विपद् ब्यवस्थापन समिति सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम " भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तेकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "प्रदेश विपद् ब्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १४ बमोजिम प्रदेश

नं. ......(गा.पा. रहेको प्रदेशको नम्बर वा नाम) मा गठन भएको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(छ) ‘‘प्रमुख ’’ भन्नाले गाँउपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ज) ‘‘प्रमुख प्रशासकीय अधिकृत ’’ भन्नाले गाउँपालिका/नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(झ) ‘‘प्राकृतिक विपद् ’’भन्नाले हिमपात , असिना , हिमपहिरो , हिमपात बिस्फोटन, अतिवृष्टि,अनावृष्टि बाढी , पहिरो तथा भू-स्खलन , डुबान , खडेरी , आँधी , हुरी शीतलहर, तातो हावाको लहर , चटचाङ्ग ,भूकम्प , ज्वालामुखी बिस्फोट , डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

(ञ) ‘‘राष्ट्रिय कर्यकारी समिति’’ भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी कार्यकारी समिति सम्झनु पर्छ ।

(ट) ‘‘राष्ट्रिय परिषद’’ भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनी करण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनु पर्छ ।

(ठ) ‘‘राष्ट्रिय प्राधिकरण’’भन्नाले संघीय ऐनको दफा १० बमोनिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ ।,

(ड) ‘‘विपद् ’’भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र बातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्रा कृतिक विपद् सम्झनु पर्छ ।

(ढ) ‘‘विपद् खोज तथा उद्धार समूह’’भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको बिशिष्टी कृत खोज तथा उद्धार समूह सम्झनु पर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

(ण) ‘‘विपद् जोखिम न्यूनीकरण ’’भन्नाले विपद्पूर्व गरिने जोखिमको बिश्लेषण तथा मूल्याङ्कन , विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा बिकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

(त) ‘‘विपद् पुनर्लाभ’’ भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्मण एवम् पुनर्स्थापनसँग सम्बन्धि कार्य सम्झनु पर्छ ।

(थ) ‘‘विपद् प्रतिकार्य’’ भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज , उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

(द) ‘‘विपद् व्यवस्थापन’’ भन्नाले विपद् जोखिम न्यूनीकरण , विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग समन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

(ध) ‘‘ब्यावसायिक प्रतिष्ठान’’ भन्नाले उद्योग ,कलाकारखाना , सिनेमा घर , सपिङ्ग मल, बहुउद्देश्यीय ब्यापारिक भवन जस्ता ब्यावसायिक प्रतिष्ठान सम्झनु पर्छ ।

(न) ‘‘समिति’’ भन्नाले दफा ३ बमोजिमको गाउँ/नगर विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(प) ‘‘संघीयऐन ’’भन्नालेनेपाल सरकारको विपद् जोखिम न्यनीूकरणतथा व्यवस्थापन ऐन

,२०७४ सम्झनु पर्छ ।

(फ) ‘‘संघीय मन्त्रालय’’भन्नाले नेपाल सरकारको विपद् ब्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनु पर्छ ।

(ब) ‘‘सार्वजनिक संस्था ’’भन्नाले सरकारी निकाय,सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था , प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्छ ।

## परिच्छेद -२

## गाउँ/नगर विपद् ब्यवस्थापन समितिको गठन तथा काम , कर्तव्य र अधिकार

**३. गाउँ/नगर विपद् ब्यवस्थापन समितिः**ः(१) गाउँपालिका/नगरपालिका भित्रको विपद् ब्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न एक गाउँ/नगर विपद् ब्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिका अध्यक्ष/नगर प्रमुख -संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष/नगर उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) बिषयगत समितिका संयोजकहरु -सदस्य

(ङ) प्रतिनिधी , जिल्ला प्रशासन कार्यालय -सदस्य

(च) सामाजिक महाशाखा/शाखा प्रमुख -सदस्य

(छ) पूर्वाधार बिकास महाशाखा /शाखा प्रमुख -सदस्य

(ज) ....... गाउँपालिका/नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि -सदस्य

(झ) ....... गाउँपालिका/नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि -सदस्य

(ञ) नगर प्रहरी प्रमुख -सदस्य

(ट) राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिका/नगरपालिकास्थित प्रमुख वा प्रतिनिधि -सदस्य

(ठ) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१ जना ) -सदस्य

(ड) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँ/

(ढ) गैरसरकारी संस्था महासंघकाका स्थानीय प्रतिनिधि (१ जना ) -सदस्य

(ण) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि (१ जना ) -सदस्य

(त) विपद् ब्यवस्थापन हर्ने गरि तोकिएको महाशाखा/शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि क्रम संख्या (ञ), (ट), (ठ), (ड), (ढ) र (ण) का सदस्यहरु उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवम् काम कारवाही गर्नमा असर पर्ने छैन ।

(४) उपदफा (२) बमोजिमको समितिले संघीय ऐनको दफा १७ बमोजिमको स्थानीय

विपद् व्यवस्थापन समितिको रुपमा समेत काम गर्नेछ ।

४. **समितिको बैठक सम्बन्धी व्यवस्था** : (१) संयोजकले तोकेको मिति , समय र स्थानमा समिति को बैठक बस्नेछ ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिको बैठक तत्काल बेलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(५) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि र बिज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

५. **समितिको काम,कर्तव्य र अधिकार**:समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी गाउँ/नगर विपद् व्यवस्थापन नीति तथा योजना तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने ,

(ख) गाउँ/नगरसभाबाट स्वीकृत नीति तथा योजनाको अधिनमा रही विपद् जोखिम न्यूनीकरण , विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत त्था क्षेत्रगत नीति , योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने, गराउने ,

(ग) गाउँपालिका/नगरपालिकाबाट सञ्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने , गराउने,

(घ) विपद् व्यवस्थापनका सम्बन्धमा गाउँपालिका/नगरपालिकाकोसंस्थागत क्षमता बिकास गर्ने,गराउने,

(ङ) गाउँपालिका/ नगरपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंसेवक , सामाजिक परिचालक तथा समुदायलाई विपद् ् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने ,

(च) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरु

तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गर्ने,गराउने ,

(छ) विपद् व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको अधिनमा रहि सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नु पर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति , योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी बिषय समावेश गर्न लगाउने

(ज) विपद्को समयमा स्थानीय आमसञ्चारका माध्यमहरुको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने,गराउने,

(झ) सरकारी, निजी एवम् गैरसरकारी संस्था , स्थानीय स्वयंसेवक , सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धीत कार्य गर्ने,गराउने ,

(ञ) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने ,

(ट) स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने ,गराउने,

(ठ) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी सचेतना जगाउने ,

(ड) विपद्बाट स्थानीय स्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाहमा अवरोध आइपरेमा सोको पुनःसञ्चालनका लागि सेवा निरन्तरताको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्ने, गराउने ।

(ढ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन,विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा तथा समुदायस्तरमा समावेशी विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने ,

(ण) विद्यालय तहको शैक्षिक पाठयक्रममा विपद् व्यवस्थापन सम्बन्धी बिषय समावेश गर्न पहल गर्ने,

(त) विपद् प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने, गराउने ,

(थ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी बारुणयन्त्र लगायतका अन्य उपकरणहरु तयारी हालतमा राख्न लगाउने ,

(द) स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने

(ध) गाउँपालिका/नगरपालिकामा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने , गराउने ।

(न) विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने ।

(प) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क

अद्यावधिक गरी राख्न लगाउने ,

(फ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र बितरण गर्ने, गराउने ,

(ब) विपद्को समयमा जोखिममा रहेको समूह बिशेषगरी महिला, बालबालिका , किशोरी ,अपाङ्गता भएका व्यक्तिउपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेच विखन तथा अन्य कुनै पनि किसिमका शोषण ) रोकथामको लागि बिशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(भ) विपद् प्रभाबितहरुको प्रत्यक्ष र संक्रिय सहभागितामा विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनर्स्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(म) विपद्को जोखिममा रहेका महिला, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय,अशक्त तथा अपाङ्गता भएका ब्यक्तिहरुको लागि बिशेषयोजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने ,

(य) विपद् ब्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठान ले प्रचलित ऐन बमोजिम कार्य गरे नगरेको अनुगामन गर्ने ,

(र) विपद् ब्यवस्थापना सम्बन्धी राष्ट्रिय कार्यकारी समिति, प्रदेश विपद् ब्यवस्थापन समिति तथा जिल्ला विपद् ब्यवस्थापन समितिको निर्णय अनुसार विपद् ब्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

(ल) विपद् ब्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्ने ,

(व) विपद् ब्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा गाउँ/नगर सभाले तोकेका अन्य कार्य गर्ने, गराउने ,

(श) विपद् ब्यवस्थापन सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको प्रतिकूल नहुने गरी गाउँ/नगर कार्यपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

(ष) बिभिन्न संघसंस्था, ब्यक्तिबाट प्राप्त हुने राहत तथा पुनर्निर्माणका र पुनर लभका बिषयबस्तुलाई स्थानीय विपद् ब्यवस्थापन समितिले तोकेको स्थान र मापदण्ड अनुसार गर्ने , गराउने ।

## परिच्छेद-३

## वडा स्तरीय विपद् ब्यवस्थापन समितिको गठन तथा काम , कर्तव्य र अधिकार

६. **वडा स्तरीय विपद् ब्यवस्थापन समिति :** : (१) गाउँपालिका/नगरपालिकाको प्रत्येक वडामा एक वडा स्तरीय विपद् ब्यवस्थापन समिति रहनेछ ।

(२) वडा स्तरीय विपद् ब्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) बडा अध्यक्ष | -संयोजक |
| (ख) वडा सदस्यहरु | -सदस्य |
| (ग) वडा भित्र रहेका बिषयगत शाखा /ईकाई कार्यालय प्रमुखहरु | -सदस्य |
| (घ) वडा भित्र रहेका सुरक्षा निकायका प्रमुखहरु | -सदस्य |
| (ङ) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (च) स्थानीय रेडक्रस, | -सदस्य |

(छ) गैरसरकारी तथा समुदायमा आधारित संघसंस्था तथा युवा क्लबबाट संयोजकले तोकेबमोजिम न्यूनतम २ महिला सहित ४ जना -सदस्य

(ज) वडा सचिव -सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने बिषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(५) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सदस्य सहित सदस्य सचिव उपस्थित भएमा बैठक बस्न सक्नेछ ।

(७) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।

(८) समितिको निर्णय बहुमतद्धारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(९) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि र बिज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे ब्मोजिम हुनेछ ।

(११) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

७. **वडा स्तरीय विपद् ब्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार**: समितिको काम , कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वडा भित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालनका लगि गाउँ/नगर विपद् ब्यवस्थापन समितिमा सिफारिस गर्ने तथा सो समिति बाट स्वीकृत नीति तथा योजना अनुरुपका विपद् ब्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने ,

(ख) वडामा विकास निर्माणका क्रियाकलापहरु कार्यान्वयनमा विपद् जोखिम ब्यावस्थापनलाई मूलप्रवाहीकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पतालका लगि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु सञ्चालन गर्ने ,

(ग) विपद् ब्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता बिकास गर्ने,

(घ) विपद् ब्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर निर्माण योजना तर्जु तथा कार्यान्वयन गर्ने गराउने ,

(ङ) समुदायमा विपद् ब्यवस्थापन सम्बन्धी काम गर्ने समूहहरुको गठन तथा त्यस्ता समूहहरुलाई परिचालन गर्ने गराउने ,

(च) वडा सदस्यहरु , कर्मचारी, स्वयंसेवक , सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य , नागरिक समाजका प्रतिनिधिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने ,

(छ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउने, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि तयारी अवस्थामा राख्ने ,

(ज) विपद्का घटना हुनासाथ खोज,उद्धार र राहत लगायतका प्राथमिक कार्यहरु तत्काल गर्नको लागि समन्वय गर्ने ,

(झ) आपतकालिन नमूना अभ्यास गर्ने, गराउने,

(ञ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र बितरणमा गाउँ/नगर विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ट) विपद्को समयमा जोखिममा रहेका समूह विशेषगरी महिला, बालबालिका , किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ठ) गाउँ/नगर विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद -४

## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

८. **सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वय** :(१) गाउँकार्यपालिका/नगरकार्यपालिकाले विपद् व्यवस्थापनको काममा नेपाल सरकार तथा प्रदेश सरकारले परिचालन गरेका संघीय तथा प्रादेशिक सुरक्षा निकायहरुलाई सहयोग र समन्वय गर्नेछ ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथाउद्धार कार्यका लागि गाउँकार्यपालिका/नगरकार्यपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा गाउँपालिका/नगरपलिकामा उपलब्ध भएसम्म त्यस्तो सामाग्री तत्काल उपलब्ध गराईनेछ ।

(३) विपद् प्रतिकार्यका लागि गाउँपालिका/नगरपालिकाले आँफूसँग रहेको नगर प्रहरीलाई परिचालन गर्नेछ ।

९. **वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकार**:

(१) वारुणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(२) आपत्कालिन कार्य सम्पादन गर्दा समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ ।

१०. **सार्वजनिक संस्था तथा ब्यावसायिक प्रतिष्ठानको दायित्व** : (१) विपद् ब्यवस्थापन

सम्बन्धमा गाउँपालिका/नगरपालिका भित्रका सबै सार्वजनिक संस्था तथा ब्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछ :-

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा ब्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार,उपकरण,सामाग्री,आपत्कालिन निकास लगायत तोकिए बमोजिमका अन्य ब्यवस्था गर्ने ,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनरनिर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने ,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गर्ने गराउने ,

(घ) विपद् ब्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राखे,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने ,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत बितरण कार्यमा सहयोग पुऱ्याउने ,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको ब्यवस्था गरी तयारी अवस्थामा राखे,

(ज) फोहोरमैला तथा प्रदुषणको यथोचित ब्यवस्थापन गरी यसबाट बातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरु अपनाउने ।

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत् कालीन कार्य सञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) गाउँपालिका/नगरपालिका भित्रका सार्वजनिक संस्था तथा ब्यावसायिक प्रतिष्ठानले गाउँपालिका/नगरपालिकाको विपद् ब्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् ब्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रुपमा लागू गर्नु पर्नेछ ।

११. **विपद् ब्यवस्थापनमा सहयोग गर्नु पर्ने**: गाउँपालिका/नगरपालिका भित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, समुदाय, स्वयंसेक, नागरिक समाज,निजी क्षेत्र तथा ब्यक्तिले विपद् ब्यवस्थापन कार्यमा गाउँपालिका/नगरपालिकालाई देहाय बमोजिम सहयोग गर्नु पर्नेछ :-

(क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनःनिर्माण ल्गायतका विपद् ब्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने ,

(ख) विपद् ब्यवस्थापन सम्बन्धीत जनचेतना अभिवृद्धि गर्ने ,

(ग) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् ब्यवस्थापन सम्बन्धीत प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने ,

(घ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने ।

**परिच्छेद-५**

**विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था**

१२. **विपद् व्यवस्थापन कोष** :(१) विपद् व्यवस्थापनका लागि गाउँपालिका/नगरपालिकामा छुट्टै एक आकस्मिक कोष रहनेछ ।

(२) कोषमा बमोजिमका रकमहरु रहने छन्:-

(क) गाउँपालिका/नगरपालिकाको बार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम ,

(ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम ,

(ग) नेपाल सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम ,

(घ)स्वदेशी कुनै सङ्ग संस्था वा ब्यक्तिबाट दान, दातब्य वा उपहार स्वरुप प्राप्त रकम ,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) विपद् व्यवस्थापनका लागि गाउँपालिका/नगरपालिकाले कानून बमोजिम विशेष शुल्क वा दस्तुर संकलन गर्न सक्ने छ ।

(४) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(५) कोषको रकम विपद् व्यवस्थापन सम्बन्धी कामका लागि प्रयोग गरिनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम नियमित प्रशासनिय कार्यको लागि खर्च गरिने छैन ।

(७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुने ।

(८) समितिले कोषको बार्षिक आय व्ययको प्रतिवदेन तयारगरी कार्यपालिका मार्फत मार्फत गाउँ/नगरसभा समक्ष पेश गर्नेछ ।

**परिच्छेद-६**

**कसूर तथा सजाय**

१३. **कसूर र सजाय** :कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा वा घट्ना घटेको अवस्थामा नाजायज फाईदा लिने गरी वा आफुलाई मात्र फाईदा पुग्ने किसिमको कुनै काम गरेमा वा यस सम्बन्धमा संघीय कानून बमोजिम कसुरजन्य मानिने कुनै काम गरेमा तत् सम्बन्धी कारवाही प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

**परिच्छेद-७**

**विविध**

**१४. विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वय**: (१) नेपाल सरकारले गाउँपालिका / नगरपालिका भित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु गाउँपालिका/नगरपालिकाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानून

बमोजिम कुनै काम गर्न गराउन गाउँपालिका/नगरपालिका भित्रको कुनै ब्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न गराउनमा गाउँपालिका/नगरपालिकाले आवश्यक समन्वय गर्नेछ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रसारणमा गाउँपालिका/नगरपालिकाले सहयोग र समन्वय गर्नेछ।

१५. **नेपाल सरकारको स्वीकृतीमा मात्र प्रवेश गर्नुपर्ने** :(१) विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिएको छ छैन भनि गाउँ कार्यपालिका/नगर कार्यपालिकाले सोधखोज गर्न सक्नेछ।

(२) उपदफा(१)बमोजिम सोधखोज गर्दा त्यस्तो नागरिक वा संस्थाले नेपाल सरकारको स्वीकृति लिएको नदेखिएकोमा निजको प्रवेशलाई रोक लगाई तत् सम्बन्धी सूचना नेपाल सरकारलाई उपलब्ध गराईनेछ।

१६. **मानवीय तथा अन्य सहायता र समन्वय**: (१) गाउँपालिका/नगरपालिका भित्र उत्पन्न विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति ,प्रदेश सरकार तथा नेपाल सरकारलाई अनुरोध गरिनेछ।

(२) विपद्बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अन्तरराष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अबस्थामा नेपाल सरकारको निर्देशनमा रहि तत् सम्बन्धी कार्यमा सहयोग र समन्वय गरिनेछ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो ब्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला समन्वय समिति वा प्रदेश सरकार मार्फत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुऱ्याउनु गाउँ/नगरकार्यपालिको दायित्व हुनेछ।

१७. **तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने**:(१) विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री वा निमार्ण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी ब्यवस्था बमोजिम गाउँ कार्यपालिका/नगर कार्यपालिकाले खरिद वा निर्माण कार्य गर्न सकिनेछ।

(२) विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइ रहेको विपद्बाट थप क्षति हुन नदिनका लागि गाउँपालिका/नगरपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्रप्त गर्नसकिने।

(३) विपद्बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन गाउँपालिका/नगर पलिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधी वा अन्य बस्तु आवश्यक भएमा सोको अभिलेख

राखी नियन्त्रण लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिनेछ ।

(४) गाउँपालिका/नगरपालिकाले उपदफा(२)बमोजिम कुनै सम्पत्ति अस्थायी रुपमा प्राप्त गरेमा वा उपदफा(३) बमोजिम कुनै बस्तु नियन्त्रण र बितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा बस्तु उपयोग बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ ।

१८. **राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्था**:(१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतको अतिरिक्त गाउँपालिका/ नगरपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा(१) बमोजिम गाउँपालिका/नगरपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा मापदण्ड बनाई सोको आधारमा राहत उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिमको राहतको मापदण्ड अन्य बिषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनु पर्नेछ :-

(क) विपद्बाट प्रभावित ब्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाई सम्बन्धी

(ख) विपद्बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला ,बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता संबोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै डिग्निटी किट र चिल्ड्रेन किट) महिलाहरुको लागि सुरक्षित महिलामैत्री स्थान,

(घ) व्यक्तिगत गोपनियता तथा सुरक्षा सम्बन्धी ,

(ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी ब्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी ,

(च) गैरसरकारी वा व्यक्तिगत रुपमा दिइने राहतको वितरण सम्बन्धी ,

(छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

(ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय ।

१९. **विपद्मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा** : विपद्मा परी हराई फेला पर्न नसकेको तथा आंशिक वा पूर्ण रुपमा क्षति भएका गाउँपालिका/नगरपालिकाका महत्वपूर्ण कागजातहरुको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

२०.**निर्देशन दिन सक्ने** : समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

२१. **उपसमिति गठन गर्न सक्ने** : (१)समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम , कर्तव्य, अधिकार र कार्याविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ ।

२२. **अभिलेख राख्नु पर्ने**: (१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम, र उपलब्ध गराईको राहत तथा सोको परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था समितिले मिलाउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपद् परेका महिला, बालबालिका तथा जेष्ठ नागरिक, विपद्का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या एकिन हुने विवरण र उनीहरुलाई उपलब्ध गराइएको राहत स्पष्टरुपमा राख्नुपर्ने छ ।

२३. **पुरस्कार दिन सक्ने** :स्थानीय विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरुप समितिको सिफारिसमा गाउँ कार्यपालिका/नगर कार्यपालिकाले सम्मान तथा पुस्कार दिन सक्नेछ ।

२४. **वार्षिक प्रतिवेदन :** (१) समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँ/नगर सभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बार्षिक प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

२५. **प्रशासनिक खर्च व्यवस्थापन**: समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्य सँग सम्बन्धित न्युनतम प्रशासनिक खर्च गाउँ/नगरकार्यपालिकाले व्यवस्था गर्नेछ ।

२६. **अधिकार प्रत्यायोजन**: यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम समिति लाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक तथा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. **नियम बनाउने अधिकार**: गाउँ/नगर कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ ।

अनुसुची ६: प्रारम्भिक द्रुत लेखाजोखा फारम

नेपाल सरकार

गृह मन्त्रालय

## प्रारम्भिक द्रुत लेखाजोखा फाराम(Initial Rapid Assessment, IRA)

### १. घटनास्थलको जानकारी

| प्रदेशकोनाम : | जिल्लाको नामः | गाउँ/नगरपालिकाको नामः |
|---|---|---|
| वडा नम्बर : | सूचना संकलन मिति (गते/महिना/साल) : | |

### २. घटनास्थलको वस्तुस्थिति

| विपद्को प्रकार | घटना घटेको मिति | घटना घटेको समय |
|---|---|---|
| | | |

| मृतक | बेपत्ता | घाइते | विस्थापित (अनुमानित घरधुरी संख्या) : | प्रभावित (अनुमानित घरधुरी संख्या) : |
|---|---|---|---|---|
| महिला संख्या : | महिला संख्या : | महिला संख्या : | | |
| पुरुष संख्या : | पुरुष संख्या : | पुरुष संख्या : | | |
| वालवालिका | वालवालिका | वालवालिका | | |

| | | | | |
|---|---|---|---|---|
| संख्या : | संख्या : | संख्या : | | |
| लैङ्गिक अल्पसंख्यक संख्या : | लैङ्गिक अल्पसंख्यक संख्या : | लैङ्गिक अल्पसंख्यक संख्या : | | |
| सुत्केरी संख्याः | सुत्केरी संख्याः | सुत्केरी संख्याः | | |
| गर्भवती संख्या | गर्भवती संख्या | गर्भवती संख्या | | |
| अपाङ्गता भएको व्यक्तिको संख्याः | अपाङ्गता भएको व्यक्तिको संख्याः | अपाङ्गता भएको व्यक्तिको संख्याः | | |
| जेष्ठ नागरिक संख्या | जेष्ठ नागरिक संख्या | जेष्ठ नागरिक संख्या | | |
| जम्मा : | जम्मा : | जम्मा : | | |

| | | |
|---|---|---|
| विस्थापितहरु हाल बसिरहेको ठाँउ/संरचना | ☐ विद्यालयः संख्या ...........<br>☐ सार्वजनिक भवन संख्या ...........<br>☐ सडक छेउ संख्या ...........<br>☐ वन क्षेत्रः संख्या ...........<br>☐ अन्य (उल्लेख गर्ने)संख्या ........... | |

| | | | |
|---|---|---|---|
| अहिले प्रभावित स्थान सम्म आवत-जावतको अवस्था | ☐ ठिक छ<br>☐ कठिन छ<br>☐ वन्द छ | सवारी साधन/यातायात सेवा | ☐ अवरुद्व भएको<br>☐ अवरुद्व नभएको |

| | |
|---|---|
| संचारको अवस्था | ☐ अवरुद्व भएको<br>☐ अवरुद्ध नभएको |
| विधुत | ☐ अवरुद्ध भएको<br>☐ अवरुद्ध नभएको |
| संचित खाद्य सामग्री | ☐ क्षति भएको (घरधुरी संख्या .........)<br>☐ क्षतिन भएको (घरधुरी संख्या .........) |
| स्वास्थ्य सेवा | ☐ सञ्चालनमा भएको (संख्या .......)<br>☐ सञ्चालनमा नभएको (संख्या......)<br>तत्काल उपचारका लागि स्थानान्तरण गर्नुपर्ने भएमा, संख्याः ..... |
| संचालननमा भएमा स्वास्थ्य सेवामा अत्यावश्यक प्राथमिक उपचारको लागि आवश्यक औषधी | ☐ उपलव्ध छ<br>☐ उपलव्ध छैन |
| बिद्यालय | ☐ सञ्चालनमा भएको (संख्या)<br>☐ सञ्चालनमा नभएको (संख्या)<br>प्रभावित विद्यार्थीहरुको संख्या ............... |

| | |
|---|---|
| खानेपानीको आपूर्ती | ☐सुचारु (अवरुद्ध नभएको) (संख्याः ...)<br>☐अवरुद्ध भएको (संख्याः ...)<br>प्रभावित धरधुरी संख्याः ...) |
| भौतिक संरचना | |
| निजी घर | ☐पूर्ण क्षति (संख्या ...........)<br>☐आशिंक क्षति (संख्या ...........) |
| सरकारी कार्यालय / भवन | ☐पूर्ण क्षति (संख्या ...........)<br>☐आशिंक क्षति (संख्या ...........) |
| कृषि बालीको क्षति | ☐क्षति (अनुमानित क्षेत्रफल ........... (विघा / रोपनी ) |
| पशु क्षति | ☐(अनुमानित संख्या........... ) |
| अन्य क्षति | ☐पूर्ण क्षति (संख्या ...........)<br>☐आशिंक क्षति (संख्या ...........) |

| | |
|---|---|
| फोहोर मैला व्यवस्थापनको अवस्था कस्तो छ ? | ☐सामान्य छ |

| | |
|---|---|
| | ☐ महामारीको संभावना छ |
| शौचालयको व्यवस्था छ ? | ☐ सामान्य<br><br>☐ थप व्यवस्था गर्नुपर्छ (घरधुरी संख्या ......) |

| विशेष आवश्यकता **(Special Requrement)** भएका प्रभावितहरुको अनुमानित संख्या | |
|---|---|
| गभर्वती तथा सुत्केरी महिलाहरुको लागि आवश्यक सामग्रीहरु (डिगनिटी किट आवश्यक | ☐ आवश्यक भएको ☐ आवश्यक नभएको<br><br>आवश्यक भए अनुमानित संख्या.............. |
| ५ वर्षसम्मका बालबालिकाको लागि आवश्यक पौष्टिक आहारा तथा सामग्रीहरु | ☐ आवश्यक भएको ☐ आवश्यक नभएको<br><br>आवश्यक भए अनुमानित संख्या.................. |
| ५ वर्ष भन्दा माथिका बालबालिकाको लागि आवश्यक सामग्रीहरु - (जस्तै शैक्षिक तथा वालमैत्री स्थल ( Child frindlyspace) | ☐ आवश्यक भएको ☐ आवश्यक नभएको<br><br>आवश्यक भए अनुमानित संख्या.................. |
| ज्येष्ठ नागरिकहरुका लागि आवश्यक सहयोग | ☐ आवश्यक भएको ☐ आवश्यक नभएको<br><br>आवश्यक भए अनुमानित संख्या.................. |
| अपांगता भएकाहरुका लागि आवश्यक सहयोग | ☐ आवश्यक भएको ☐ |

| | |
|---|---|
| | आवश्यक नभएको<br><br>आवश्यक भए अनुमानित संख्या.................. |
| असहाय/विरामीको संख्या | |
| मौसमको वर्तमान अवस्था कस्तो छ ? | ☐सामान्य ☐प्रतिकुल |

## ३. हालसम्म भएको राहत वितरणको अवस्था

| | |
|---|---|
| राहत वितरण गर्ने तह/संघ-संस्था/निकायको नाम : | |
| राहत वितरण गरिएका सामग्रीहरुको नाम र परिमाण (पाल, त्रिपाल, चामल, कपडा, भाडाकुडा आदि) | |
| नगद/राहत वितरण गर्ने तह/संघ-संस्था/निकायको नाम : | |
| राहत (नगद/राहत सामग्री) पाउने परिवार संख्या : | |
| राहत (नगद/राहत सामग्री) नपाएका प्रभावित परिवार संख्या : | |

## ४. तत्काल गर्नुपर्ने

| | | |
|---|---|---|
| स्थानान्तरण गर्न | ☐आवश्यक पर्ने संख्या ..........<br><br>☐आवश्यक नपर्ने | |
| आवश्यक पर्ने खाद्यान्न तथा गैर खाद्यान्न सामाग्री | ☐ टेन्ट संख्या......<br><br>☐त्रिपाल संख्या..... | ☐खाद्यान्न (दाल, चामल, नून, तेल) |

| | | |
|---|---|---|
| | ☐म्याट्रिक्स संख्या........<br>☐कम्वलसंख्या......<br>☐कपडा संख्या.........<br>☐भाडाकुँडा संख्या......<br>☐तयारी खाना (दालमोठ, चिउरा, भुजा, चाउचाउ, विस्कुट कतिजना) | परिमाण..............कति जना<br>☐पिउने पानी............<br>☐अन्य............. |

| | |
|---|---|
| प्रभावित क्षेत्रमाकुनै अवाञ्छित गतिविधि (लैङ्गिक हंसा, यौन हिंसा, चोरी, लुटपाट) | ☐भएको<br>☐नभएको<br>☐भए प्रभावित व्यक्तिको अनुमानित संख्या |
| राहतका  लागि नगद सहयोग गर्न सकिने अवस्था छ छैन | ☐छ<br>☐छैन |

## ५.घटनाको सूचना संकलन कार्यमा खटिएकाको विवरण

| क्र.सं. | नाम, थर : | पद /संस्था : | सम्पर्क नम्बर : | टोलि नेताको नामः | सूचना संकलन गरेको समयावधि (मिति र समय) | हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |

## ६. फारम भर्दा ध्यान दिनुपर्ने कुराहरु

१. एउटा घटना/वडाको लागि एउटा लेखाजोखा फारमको प्रयोग गरिने छ।

२. विपद् भएको २४ घण्टा भित्र गाउँ तथा नगरपालिका, नेपाल प्रहरी तथा स्थानीय रेडक्रसका प्रतिनिधि रहेको (लेखाजोखा) टोलीले फारम भर्नु पर्ने छ।

३. टोलीले प्रभावित क्षेत्रको अवलोकन गरी सकेसम्म प्राथामिक सूचना संकलन गर्नुपर्ने छ। द्धितिय सूचनाका लागि घटनाका जानकारसंग अन्तरवार्ता लिइ सूचना संकलन गर्नुपर्ने छ।

४. प्राप्त सूचनामा द्धिविधा भएमा टोलीले छलफल गरी अवस्थाका आधारमा अनुमानित विवरण फारममा भर्नुपर्ने छ।

५. माथि उल्लिखित विकल्प बाहेक अन्य कुरा भर्नुपर्ने भए टोलीले भर्न सक्ने छ।

## अनुसुची ७: मानव कल्याणकारी सिद्धान्तहरु

मानवकल्याणकारी कार्यका बृहत् रूपमा स्वीकार गरिएका ४ ओटा निर्दिष्ट सिद्धान्तहरू निम्नलिखित छन् :

- **मानवता:** मानवीय पीडा जहाँ देखिन्छ, त्यही सम्बोधन गर्नै पर्दछ । मानवकल्याणकारी कार्यको मुख्य उद्देश्य नै जीवन र स्वास्थ्यलाई बचाउनु तथा मानवप्रति गरिने सम्मानको सुनिश्चितता प्रदान गर्नु हो ।
- **निष्पक्षता:** मानवकल्याणकारी कार्यको आवश्यकतालाई मात्र आधार बनाएर पूरा गर्नै पर्दछ, जसमा कुनै राष्ट्रियता, जाति, लिङ्ग, धार्मिक आस्था, वर्ग वा राजनीतिक विचारको आधारमा भेदभाव नगरी पीडा/सङ्कटको सबभन्दा अत्यावश्यक अवस्थालाई प्राथमिकता दिनुपर्दछ ।
- **स्वत्रन्त्रता:** मानव कल्याणकारी कार्य तथा यसका कार्ययोजनाहरू लागू गरिने कार्यक्षेत्रहरू– राजनीति, अर्थ, सैन्य तथा अन्य उद्देश्यहरूबाट स्वतन्त्र हुनुपर्दछ, ताकि कुनै पनि अभिकर्ताले काम गर्न सकोस् ।
- **तटस्थता:** मानवकल्याणकारी क्षेत्रमा काम गर्ने व्यक्तिले कुनै पक्षको पक्षधरता र शत्रुतापूर्ण व्यवहार गर्नु हुँदैन अथवा कुनै राजनीतिक, जातीय, धार्मिक वा सैद्धान्तिक विचारका आधारमा हेरिनुहुँदैन ।

## ९ बुँदे प्रतिबद्धताहरू



**आचार संहिता**

१. मानवीय आवश्यकता सर्वप्रथम आउँछ ।
२. सहयोग पाउनेहरुको जाति, धर्म, वा राष्ट्रियतासम्बन्धी कुनै भेदभाव नगरी र अन्य कुनै विभेद नगरी सहयोग प्रदान गरिन्छ । सहयोग सम्बन्धी प्राथमिकता आवश्यकताको आधारमा मात्र निर्धारण गरिन्छ ।
३. सहयोगको प्रयोग कुनै खास राजनीतिक तथा धार्मिक विश्वासलाई सम्बर्धन गर्न भनी गरिने छैन ।
४. हामी सरकारको बैदेशिक नीतिका साधनको रुपमा काम नगर्ने प्रयास गर्नेछौं ।
५. हामी संस्कृति तथा संस्कारको सम्मान गर्नेछौं ।
६. हामी स्थानीय क्षमताका आधारमा प्रकोप सम्बन्धी सहायता कार्यको विकास गर्ने प्रयास गर्ने छौं ।
७. राहत सहयोगको व्यवस्थापनमा कार्यक्रमबाट लाभ उठाउनेहरुलाई संलग्न गराउने उपायहरु खोजी गरिनेछ ।
८. राहत सहयोगले प्रकोपबाट उत्पन्न हुने भावी खतरालाई कम गर्नुका साथै आधारभूत आवश्यकताहरु पुरा गर्ने प्रयास गर्नुपर्छ ।
९. हामी आफुले सहयोग गर्न चाहेको तथा आफुले श्रोत स्वीकार गरेका दुवै निकायप्रति जिम्मेवार रहेको ठान्छौं
१०. आफ्ना क्रियाकलापबारे सूचना, प्रसार तथा प्रचार (विज्ञापन) गर्दा हामीले प्रकोपपीडित व्यक्तिहरुलाई निस्साहाय वस्तुका रुपमा नभई सम्मानित नागरिकका रुपमा हेर्नेछौं ।